# लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य सञ्चालन कार्यविधि(SOP) २०६८

**(STANDARD OPERATING PROCEDURE FOR PREVENTION OF AND RESPONSE TO GBV, 2011)**

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं

## लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य सञ्चालन कार्यविधि (SOP) ,२०६८

**प्रस्तावनाः** लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्धका कार्यक्रमहरूमा सरोकारवालाको सहभागीता तथा सामाजिक समावेशीकरण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न, लैङ्गिक हिंसाबाट पीडित वा प्रभावितलाई आवश्यक गोपनियता कायम गरी आवश्यक स्वास्थ्य उपचार, मनोविमर्श, कानूनी सल्लाह र सहायता तथा सुरक्षा समेतका क्षेत्रमा सहयोग तथा सहजीकरण गरी उनीहरूको अधिकार सुनिश्चित हुने वातावरणको सिर्जना गर्न तथा यस क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी क्षेत्रबीच समन्वय र सहयोगबाट लैङ्गिकहिंसाविरुद्धका कार्यक्रमहरू मानव अधिकारको मान्यता तथा पीडितमुखी अवधारणामा केन्द्रीत गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न कार्य सञ्चालन कार्यविधि बनाई लागू गर्न आवश्यक भएको र लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय कार्ययोजनाको उद्देश्य नं. ६.४ मा सबै सम्बन्धित विषयगत मन्त्रालयहरुको सहमतिमा कार्य सञ्चालन निर्देशिका (एस.ओ.पी.) तयार गरी जिल्ला तहमा कार्यान्वयन गर्नेभन्ने उल्लेख भए बमोजिमप्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यो कार्यसञ्चालन कार्यविधि जारी गरिएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य सञ्चालन कार्यविधि,२०६८” रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “पीडित” भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्भन्नु पर्छ र सो शव्दले कुनै पनि क्षेत्र (जस्तै, घर, समाज, कार्यस्थल, राजनीति वा अन्य) को आधारमा हिंसाजन्य व्यवहार, विभेद खपेर बस्न बाध्य व्यक्तिलाई समेत जनाउँछ ।

(ख) “लैङ्गिक हिंसा” भन्नाले घरेलु हिंसा, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सामाजिक कुरीतिजन्य विभेदपूर्णव्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्भन्नु पर्छ ।

(ग) “सेवा केन्द्र” भन्नाले घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ बमोजिम स्थापना भएको सेवा केन्द्र सम्भन्नु पर्छ र सो शव्दले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन,२०६४ बमोजिम स्थापित पुनर्स्थापना केन्द्र र यस कार्यसञ्चालन कार्यविधिमा व्यवस्था भए बमोजिमको अस्पतालमा

आधारित एकव्दार संकट व्यवस्थापन केन्द्र Hospital Based One- Stop Crisis Management Centerलाई समेत जनाउँछ ।

(घ) "उजुरी सुन्ने निकाय" भन्नाले लैङ्गिक हिंसाको विरुद्धमा प्रचलित कानून बमोजिम उजुरी सुन्न अधिकार प्राप्त प्रहरी कार्यालय, राष्ट्रिय महिला आयोग, स्थानीय निकाय वा अदालत वा हरेक जिल्ला, गा.वि.स. /नगरपालिका स्तरीय स्रोत व्यक्तिहरूको समूहले निर्धारण गरेको निकाय सम्झनु पर्दछ ।

३. **कार्यविधि लागू हुने:** लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य गर्ने देहायका व्यक्तिवा संस्थाहरूलाई यो कार्यविधि लागू हुनेछः-

(क) लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कुनै पनि प्रकारको कार्यक्रम सञ्चालन गर्ने निकाय, संस्था वा व्यक्ति,

(ख) लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्धको कानून कार्यान्वयनमा संलग्न हुने प्रहरी कार्यालय लगायतका सुरक्षा निकाय, कानून व्यवसायी, स्थानीय निकाय, सेवा केन्द्र, स्वास्थ्य उपचार केन्द्र लगायतका निकाय वा संस्था र त्यस्तो निकाय वा संस्थामा कार्यरत व्यक्ति,

(ग) लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्धको उजुरी सुन्ने निकायहरू,

(घ) पीडितलाई उद्धार गर्ने, स्वास्थ्य उपचार गर्ने, कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्ने संस्था वा निकाय र व्यक्तिहरू ,

(ङ) प्रभावितको पुनःस्थापना, उपचारात्मक (कानुनी, मानसिक,शारीरिक) सेवामा संलग्न निकाय, व्यक्ति, संस्थाहरू,

(च) नेपाल सरकारको सम्पूर्ण मन्त्रालयहरू, मातहतका कार्यालयहरु तथा अन्य निकायहरु ।

## परिच्छेद-२

## निर्देशक सिद्धान्तहरू

४. **समग्र सिद्धान्तहरू:** लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य गर्ने निकाय, संस्था वा व्यक्तिबाट देहायको सिद्धान्तको आधारमा आफ्नो कार्यसञ्चालन गर्ने, पीडितलाई उचित व्यवहार, सहयोग तथा उद्धार गर्ने, प्रभावितको सामाजिक, आर्थिक, सांस्कृतिक अधिकार सुनिश्चित गर्ने तथा उचित तालिम प्राप्त कर्मचारीबाट जिम्मेवारीपूर्वक कार्य सम्पादन गरिनेछः-

(क) सहयोग माग गर्ने पीडितलाई विनाकुनै भेदभाव, समानतामा आधारित भएर सहयोग वा सेवा प्राप्तिको सुनिश्चितता गरिनेछ ।

(ख) महिला र बालिकाहरूको अधिकारको संरक्षण एवम् सम्मान सुनिश्चितताका लागि लैङ्गिक समानता र समान शक्ति सम्बन्धका सिद्धान्तहरू समुदायमा समुदायकै सक्रियता एवम् अगुवाईमा आत्मसात गराउन क्रियाशील रहने ।

(ग) लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्धका कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन एवम् मूल्याङ्कन जस्ता हरेक चरणमा सरोकारवालाको सहभागीता सुनिश्चित गर्ने ।

(घ) लैङ्गिक समानताका लागि गरिने हरेक कार्यक्रममा सामाजिक,लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्धका कार्यक्रमलाई मूलप्रवाहीकरण गर्ने ।

(ङ) कार्यक्रमका हरेक तहमा उत्तरदायित्व सुनिश्चित गर्ने । यसप्रकार सरोकारवालाहरूको सहभागीता सुनिश्चित गर्ने क्रममा सामाजिक वञ्चितीकरण, जातीय विभेद, यौनिक व्यवहार, शारीरिक सक्षमता, भौगोलिक विकटताका कारण सिमान्त बनाइएका महिलाको सहभागीता सुनिश्चित गर्नमा सचेत रहने ।

(च) लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्धका कार्यक्रमहरूमा संलग्न कर्मचारी, स्वयंसेवक तथा अन्य सम्पूर्ण सम्वद्ध व्यक्तिहरूले लैङ्गिक हिंसाविरुद्ध आचारसंहिता (Code of Conduct) को पालना गर्नु पर्नेछ ।

## ५. **पीडिततथा साक्षीको सुरक्षाको सुनिश्चितताः**

(१) पीडितसँग काम गर्ने व्यक्ति वा संस्थाले सदैवपीडित, आवश्यकता अनुसार निजको परिवारका सदस्य तथा पीडित वा निजको परिवारलाई र अनुसन्धानको क्रममा सहयोग गर्ने व्यक्तिको सुरक्षाको सुनिश्चितता गराउनु पर्नेछ ।

(२) पीडितलाई पीडक वा अन्य कुनै व्यक्तिले थप शारीरिक चोटपटक वा मानसिक यातना, अन्य खतरा वा पीडा दिन नसक्ने कुराको सुनिश्चितता गराउनु पर्नेछ ।

(३) पीडितको सहमतिमा आवश्यकता अनुसार सुरक्षा निकाय, त्यस्तो सुरक्षा प्रदान गर्ने निकाय वा सेवा केन्द्रबाट संरक्षण प्राप्त गर्नको लागि आवश्यक सहयोग लिन सकिनेछ ।

## ६. **गोपनियता कायम गर्नेः**

(१) पीडित, आवश्यकता अनुसार निजको परिवारका सदस्य र अनुसन्धानको क्रममा सहयोग गर्ने व्यक्तिको गोपनीयताको जुनसुकै अवस्थामा पनि सम्मान र संरक्षण गर्नु पर्नेछ ।

(२) पीडितको सहमतिमामात्र पीडितलाई सहयोग गर्ने, घटनाको छानबिन वा अनुसन्धान गर्ने व्यक्ति तथा संस्थासमेतलाई पीडितसँग सम्बन्धित जानकारी उपलब्ध गराइनेछ ।

(३) पीडितको लिखित सहमतिभएकोमा बाहेक लैङ्गिक विभेदमा आधारित हिंसा सम्बन्धी घटना वा पीडितको नाम उल्लेख गरी वा निजको पहिचान हुने गरी कुनै पनि जानकारी कसैलाई पनि उपलब्ध गराईने छैन ।

तर प्रचलित कानून बमोजिम त्यस्तो जानकारी उपलब्ध गराउनु पर्ने व्यक्ति वा निकाय र उपदफा (२) बमोजिमका व्यक्ति वा संस्थालाई त्यस्तो जानकारी गोप्य रहने गरी उपलब्ध गराउन बाधा पर्ने छैन ।

(४) लैङ्गिक विभेदमा आधारित हिंसासम्बन्धी घटना तथा पीडितसँगसम्बन्धी लिखत कागजात तथा फाईल सुरक्षित रूपमा गोपनियता कायम गरी राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) कुनै निकाय वा संस्थाले लैङ्गिक विभेदमा आधारित हिंसाका घटनासम्बन्धी सूचना, प्रतिवेदन, तथ्यांक वा अन्य कुनै प्रकारको जानकारी सार्वजनिक गर्नु पर्दा पीडितको पहिचान हुन सक्ने नाम तथा अन्य विवरण हटाई अन्य जानकारी त्यस्तो निकाय वा संस्थाले सोकार्यको लागि अधिकार दिएको अधिकृतले मात्र सार्वजनिक गर्न सक्नेछ ।

(६) स्थानीय स्तरमाकार्यरत निकाय वा संस्थाले पनि लैङ्गिक विभेदमा आधारित हिंसासम्बन्धी घटना तथा पीडितसँगसम्बन्धित जानकारीको गोपनियतालाई कायम राखी समाधानको लागि पहल गर्नु पर्नेछ ।

## ७. **सम्मानजनक व्यवहार गर्नेः**

(१) पीडितको इच्छा, चाहना, अधिकार, प्रतिष्ठाको सम्मान हुने वातावरणमा कार्य सम्पादन गर्नु पर्नेछ ।

(२) पीडितसँग सोधपुछ तथा जानकारी लिंदा वा दिंदा निजसँग गोप्य रूपमा गर्नु पर्नेछ ।

(३) पीडित महिलासँग सोधपुछ वा जानकारी लिंदा संभव भएसम्म महिलाले नै लिने व्यवस्था मिलाउनु पर्नेछ । महिलाबाट सोधपुछ वा जानकारी लिन संभव नभएमा पीडितको सहमतिमा कुनै विपरित लिङ्गको व्यक्तिले अर्को एक महिलाको उपस्थितिमा सोधपुछ वा जानकारी लिने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) पीडित वा निजको व्यक्तिगत व्यवहार, काम, आर्थिक स्थिति तथा अन्य कुनै आधारमा निज उपर कुनै पूर्वाग्रह वा आग्रह नराखी कार्य सम्पादन गर्नु पर्नेछ ।

(५) पीडितले घटनाको बारेमा जानकारी दिन नचाहेमा निजको चाहना विपरित निजबाट जानकारी लिन निजलाई दवाव दिनु हुँदैन ।

तर लैङ्गिक हिंसाका विरुद्धमा पीडितले प्रचलित कानून बमोजिम उजुरी दिएको अवस्थामा सो उजुरीको लागि निर्धारण गरिए बमोजिमका जानकारी दिनु निजको कर्तव्य हुनेछ । यसप्रकार जानकारी दिने/लिने क्रममा पीडितको गोपनियता, सुरक्षा र भविश्यको बारेमा पीडितलाई आवश्यक जानकारी एवम् सूचना दिनु पर्नेछ ।

(६) सोधपुछ वा अन्य कुनै प्रमाण संकलनको क्रममा पीडितलाई सान्दर्भिक प्रश्न मात्र सोध्नु पर्नेछ । पटक पटक घटनाक्रमलाई दोहोराएर सोधपुछ गर्ने कार्य गरिने छैन र निजको कुरामा अरुले सही गलत भनी छुट्याउन हुदैन ।

(७) पीडितको कुरालाई जहिले पनि ध्यान पूर्वक सुन्नुपर्दछ । पीडितलाई कुनै किसिमको दबाव वा निजको इच्छा विपरित करकाप गरेर भन्न लगाउनु हुदैन ।

(८) पीडितको यौन सम्बन्धवा घटनासंग असम्बन्धित तथा पीडितको निजी वा व्यक्तिगत जीवनको अन्तरंग विषयको बारेमा कसैले पनि कुनै सोधपुछ गर्नु हुदैन । तर स्वास्थ्य जाँचमा आवश्यक पर्ने सोधपुछ गर्न भने सकिनेछ ।

(९) एउटै विषयमा पटक पटक सोधपुछ गर्न पाइने छैन ।

(१०) पीडितसँग सोधपुछ वा जाँचबुझ गर्दा निजको कुरालाई ठट्टा मस्करीमा परिणत गर्ने वा निजको धर्मसंस्कृति, परिवारीक तथा आर्थिक अवस्थालाई हाँसोको विषय बनाउनु हुँदैन ।

(११) पीडितलाई कानुनी उपचारमा जाने वा नजाने, आपसी सहमतिमा समस्याको समाधान खोज्ने वा परम्परागत प्रक्रियाबाट समाधान खोज्ने आदि जस्ता विकल्पहरू छान्न दिनु पर्दछ । यसकालागि सबै प्रकारका समाधानका प्रकृयाहरू, ती प्रक्रियाहरूसँग जोडिएका सकारात्मकर नकारात्मक दुवै पक्षको बारेमा पीडितले बुझ्ने गरी विस्तृत रूपले पीडितलाई जानकारी दिनु पर्दछ ।

(१२) लैङ्गिक विभेदमा आधारित हिंसाको घटनालाई पीडितको उद्धार गरिएको ठाउँमा, प्रहरी कार्यालय वा अन्य सरकारी कार्यालयहरूमा परिचय खुल्ने गरी छलफल गर्नु हुँदैन । यदि पीडितको सहयोगकोलागि छलफल गर्नै पर्ने भएमा सम्बन्धित निकायमा मात्र गोप्य तरिकाले छलफल गर्नु पर्दछ ।

(१२) लैङ्गिक विभेदविरुद्ध कार्यगर्ने सरोकारवाला निकायहरूले आफ्ना कर्मचारी, स्वयम् सेवकहरूकोलागि आचारसंहिता तयार गरी त्यसकोबारेमा सबैलाई स्पष्ट रूपमा बुझाई हस्ताक्षर गराई काममा लगाउनु पर्दछ ।

(१३) पीडित जस्तो अवस्थामा रहेकोछ सोही अवस्थामा सहयोग गर्न सक्ने संयन्त्रको विकास तथा मानव अधिकारका न्यूनतम मापदण्डहरूको अवलम्बन गर्नु पर्दछ ।

## ८. <u>समन्वय, सहयोग र सहकार्यः</u>

**(१)** लैङ्गिकहिंसाविरुद्धका कार्यको सूचना प्राप्ति एवम् विश्लेषण, अवस्था विश्लेषण, सहयोगको ढाँचा तयार समेतका प्रत्येक चरणमा यस क्षेत्रमा कार्यरत निकाय वा संस्थाहरूबीच समन्वय कायम गरी कार्य गरिनेछ ।

(२) लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्यरत सबै सरोकारवालाबीच केन्द्रीय स्तरदेखि स्थानियस्तरसम्म बहुपक्षीय समन्वय, सहकार्य र सहयोगमा आधारित भई आवश्यक संयन्त्र निर्माण, संयन्त्रहरूको क्षमता अभिवृद्धि र सशक्तिकरण गरी सम्भावित र स्थापित दुवैखाले दोहोरोपनको अन्त्य गरिनेछ ।

(३) लैङ्गिक हिंसाको रोकथाम, पीडितको उद्धार तथा प्रभावितलाई सहयोग सबै सरोकारवालाहरूले एक अर्कालाई समर्थन तथा सहकार्यको आधारमा गरिनेछ ।

(४) गैरसरकारी संस्थाबाट लैङ्गिक हिंसाको रोकथाम, पीडितको उद्धार तथा सहयोग तथा प्रभावितहरूको मानवअधिकार सुनिश्चितताका लागि गरिने सबै कार्यहरूको लागि सञ्चालन गरिने कार्यक्रमहरूकोबारेमा सम्बन्धित निकायमा जानकारी गराउनु पर्नेछ ।

(५) सम्बन्धित निकायले पनि जानकारी प्राप्त हुन आएमा दोहोरो नपर्ने गरी कार्यगर्नको लागि समन्वय गर्नु पर्नेछ ।

## ९. <u>प्रचलित कानून तथा निर्देशिकाको पालनाः</u>

**(१)** यस कार्यविधिको कार्यान्वयनको क्रममा लैङ्गिकहिंसाविरुद्धको कार्यसँग सम्बन्धित प्रचलित कानून तथा नेपाल सरकारबाट जारी भएका निर्देशिका वा आचरण र यस सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा विकास भएका असल अभ्यासहरूलाई समेत अनुकरण गरिनेछ ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन, सूचना वा उजुरी प्राप्ति तथा उपचार

१०. **लैङ्गिकहिंसाविरुद्ध कार्यक्रम सञ्चालनको कार्यविधि:**लैङ्गिकहिंसाविरुद्ध कार्यक्रम सञ्चालन गर्ने निकाय तथा सङ्घसंस्थाले आफ्ना कार्यक्रम देहायको आधारमा तर्जुमा तथा कार्यान्वयन गर्ने छन्:-

(क) लैङ्गिकहिंसाविरुद्धकार्यक्रमहरूको योजना तयारी, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र प्रतिफल वितरणसम्मको चरणहरूमा स्थानीय समुदाय तथा सिमान्तकृत महिलाहरूको प्रतिनिधित्व रहने गरी महिला तथा वालबालिकाको सहभागीता गराउने,

(ख) लैङ्गिकहिंसाविरुद्धका कार्यक्रमको हरेक चरणहरूमा पछाडि पारिएका समूह, जातजाति, अपाङ्गता तथा यौन अल्प सङ्ख्यक भएकाहरूलाईलैङ्गिक विभेदमा आधारित हिंसाको जोखिम बढी हुने कुरालाई मध्यनजर गर्दै उनीहरूको सहभागीता सुनिश्चित गराउन विशेष व्यवस्था गर्ने,

(ग) लैङ्गिकहिंसाविरुद्धकार्यक्रमको विस्तार तथा कार्यान्वयन सरोकारवाला सबै पक्षसँगको संमन्वय र सहकार्यमा गर्ने,

(घ) समन्वयको लागि आवश्यक केन्द्रीय, क्षेत्रीय वा स्थानियस्तरमा संयन्त्रको निर्माण गरी कम्तीमा वर्षको दुईपटक समन्वयकारी गतिविधिहरूको आयोजना गर्ने,

(ङ) लैङ्गिकहिंसाविरुद्धका हरेक गतिविधिहरूलाई अन्य कार्यक्रमहरूसँग अन्तर सम्बन्धित गरी मूलधारमा ल्याउने र लैङ्गिकताको मुद्दालाई मुलप्रवाहिकरण गर्ने,

(च) लैङ्गिकहिंसाविरुद्धसबै तह र तप्काका सरोकारवालाहरूले जवाफदेहिता र पारदर्शिता कायम गर्ने,

(छ) पीडितलाई अधिकारवालाको रूपमा स्थापित गरी अधिकारमुखी सोचबाट कार्यक्रमहरूको कार्यान्वयन गर्ने,

(ज) पीडितको आधारभूत मानव अधिकारको सुनिश्चितता गर्ने,

(झ) पीडितलाई तत्काल स्वास्थ्य उपचार, परामर्श सेवा अन्य किसिमको उद्धार गर्नु पर्ने अवस्था रहेमा तत्काल यस्ता सेवाहरू उपलब्ध गराउने कुराको सुनिश्चिता गर्ने,

(ञ) पीडितको न्यायमा सहज पहुँच अभिवृद्धि गराउने,

(ट) लैङ्गिक हिंसा अन्त्यकालागि प्रभावकारी रूपमा निरोधात्मक अभियानहरूसञ्चालन गर्ने ।

(ठ) पीडित व्यक्तिले आफ्ना भनाईहरु स्पष्ट राख्न नसकेमा र आवश्यकता दर्शाएमा भाषा अनुवादकको व्यवस्था गर्ने

**११. <u>उजुरी सुन्ने निकायले उजूरी प्राप्त गर्दाको कार्यविधिः</u>** (१) उजुरी सुन्ने निकायले उजुरी लिंदा देहायको विषयमा ध्यान दिनु पर्नेछः-

(क) लैङ्गिक हिंसाबाट पीडितले न्याय प्राप्त गरेको अनुभूति गर्नु पीडितको आत्मसम्मानका साथ मानवअधिकार सुनिश्चितताको अनिवार्य सर्त हो । त्यसैले यसका लागि गरिने हरेक कार्यक्रमहरूमा पीडकलाई सजाय र पीडितले चाहना गरे अनुरूपको न्याय प्राप्त गरेको अनुभूति गर्ने स्थिति सिर्जना गर्न विभिन्न चरणहरू अवलम्वन गर्ने,

(ख) पूर्ण अनुसन्धानपछि सही अवस्थाको पहिचान, घटनाको उजुरी एवम् पीडितको इच्छा भए घटनाको उजुरी एवम् उपलब्ध कानुनी प्रावधान अनुरूप न्यायिक प्रक्रियाको चरणवद्ध सुरूवात गर्ने,

(ग) आफूमाथि भएको घटनाको सम्बन्धमा आफ्नो परिवेश, परिस्थिति हेरी उजुरी गर्ने वा नगर्ने पूर्ण अधिकार हिंसा पीडितसँग हुन्छ । उनको त्यो अधिकारलाई डर, धम्की, दबाबजस्ता विभिन्न व्यवहारहरू अपनाई वा अन्य कुनै पनि व्यवहारका आधारमा खण्डित नगर्ने,

(घ) लैङ्गिकहिंसाविरुद्ध उजुरी गर्दा पीडितको सहमतीमा हुनु पर्ने,

(ङ) लैङ्गिकहिंसाविरुद्ध उजुरी गर्न पीडितलाई प्रोत्साहनको लागि पीडितका आवश्यकता अनुरूपको सहयोगी संयन्त्र, गोपनियता, सुरक्षा लगायत हिंसा हुनुमा आफू दोषी होइन भन्ने स्पष्टता गराइ पीडकका विरुद्धमा उजुरी गर्न तयार हुने वातावरण बनाउने,

(च) पीडितलाई सशक्त भएको अनुभूति गराउन घटनाको उचित अनुसन्धान, घटनाको उजुरी पछि कहाँ जाने ? कस्ता सहयोगहरू उपलब्ध छन्, आफूले घटनाको उजुरी गरेपछि सो को प्रक्रिया कसरी अगाडि बढेको छ ? के

हुँदैन ? भन्ने बारे पूर्ण जानकारी दिन घटनाको उजुरी, अनुसन्धानदेखि न्याय प्राप्ती हुने अवस्थासम्म पीडित/प्रभावितको गोपनीयता तथा आफ्नो मुद्दा कहाँसम्म पुगेको छ ? कसरी अगाडि बढेको छ ? भन्ने बारे पूर्ण सूचना उपलब्ध गराउन सहयोगी भूमिकामा रहेका सबै सरोकारवालाले विशेष ध्यान दिने र यसको लागि आवश्यक संयन्त्रको विकास गर्ने ।

(२) उजुरी सुन्ने निकायले लैङ्गिकहिंसाका सम्बन्धमा उजूरी लिंदा देहाय बमोजिम लिने व्यवस्था गर्नु पर्नेछ-

(क) मौखिक उजूरी दिएकोमा त्यस्तो मौखिक उजूरीलाई प्रचलित कानून बमोजिमको ढाँचामा लेखी लेखाई उजूरीकर्तालाई पढी सूनाई निजको सहीछाप गराउने,

(ख) उजूरी प्राप्त भएपछि त्यस्तो उजूरी प्रचलित कानूनले निर्धारण गरेको दर्ता किताबमा दर्ता गरी उजूरीकर्तालाई दर्ताको भरपाई दिने,

(ग) पीडित बाहेक अन्य व्यक्तिले उजूरी दिएको भए आवश्यकतानुसार सम्बन्धित पीडितलाई आफू समक्ष झिकाई सोधपुछ गर्ने,

(घ) पीडितलाई सोधपुछ गर्दा गोप्य रूपमा र यस कार्यविधिका व्यवस्थालाई पालना गर्ने,

(ङ) पीडितलाई शारीरिक चोटपटक वा मानसिक यातना दिएको व्यहोरा उजूरीमा उल्लेख भएमा त्यस्तो पीडितलाई तत्काल स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउने,

(च) पीडितको उपचार गरी घाँ जाँच तथा मानसिक स्थितिको जाँच लगायत स्वास्थ्य परीक्षणसम्बन्धी प्रतिवेदन प्राप्त गरी फाईल सामेल गर्ने । यस्तो फाइलमा मनोविमर्शकर्ताले (संभव भएमा) तयार गरेको फाइल समेत सामेल गर्ने ।

(छ) पीडित वा निजसँग आश्रित अन्य कुनै व्यक्तिलाई थप शारीरिक चोटपटक वा मानसिक यातना हुन सक्ने सम्भावना भएको कारण पीडितले सुरक्षा चाहेमा सुरक्षाको व्यवस्था मिलाउने,

(ज) उजुरीको आधारमा अनुसन्धान तथा आवश्यक अन्य कारबाहीचलाउने।

## १२. सूचनाको प्राप्ति र अभिलेख:

(१) लैङ्गिकहिंसाविरुद्धउजुरी सुन्ने निकाय, महिला तथा बालबालिका कार्यालय, महिला मानवअधिकार रक्षक, मानव अधिकारकर्मीहरू, पारालिगल कमिटी तथा यस क्षेत्रमा कार्यरत अन्य संस्था वा निकायले पीडितको उजुरी गर्न पाउने यस अधिकारको सुनिश्चित हुने वातावरण तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि लैङ्गिकहिंसाविरुद्धउजुरी सुन्ने निकाय, महिला तथा बालबालिका कार्यालय, मानवअधिकार रक्षक, मानव अधिकारकार्मीहरू, पारालिगल कमिटी तथा यस क्षेत्रमा कार्यरत अन्य संस्था वा निकायले देहायको व्यवस्था गर्नु पर्नेछः-

(क) पीडितले लैङ्गिकहिंसाविरुद्ध कुनै उजुरी वा सूचना दिएमा सम्बन्धित सरोकारवालाले त्यस्तो उजुरी वा जानकारीको बारेमा आफैले कारबाही गर्ने जिम्मेबारी भएकोमा कानूनको रित पूर्वक यस कार्यविधि बमोजिम कारबाही चलाउने र सोको बारेमा यथार्थ जानकारी पीडितलाई गराउने तथा आफूले कारबाही गर्न नमिल्ने विषय भएमा यथार्थ जानकारी गराई जानु पर्ने सम्बन्धित निकाय वा संस्थाको नाम ठेगाना समेतको विवरण दिई जानको लागि सिफारिस गर्ने तथा जानको लागि सम्भव भए सम्मको सहयोग गर्ने, पीडितलाई एक्लै एकठाउँबाट अर्को ठाउँ उजुरीका लागि नपठाउने ।

(ख) आफूकहाँ प्राप्त हुन आएको उजुरी वा सूचनाको विवरण तयार गरी गोपनियताका साथ राख्ने,

(ग) तत्काल कुनै सेवा प्रदान गर्नु पर्ने अवस्था भएमा आवश्यक सेवा प्रदान गर्ने वा त्यस्तो सेवा उपलब्ध हुन सक्ने संस्था वा निकायमा पुर्‍याउन सहयोग गर्ने,

(घ) अन्य संस्था वा निकायबाट सिफारिस भई आएका घटनाहरूको बारेमा सम्बन्धित निकायले आवश्यक सुचनालिई जिम्मेवारीपूर्ण रूपमा सहयोगको व्यवस्था मिलाउने ।

**१३. <u>सेवा केन्द्रले कायम गर्नु पर्ने व्यवस्था तथा व्यबहारः</u>**

(१) पीडित सेवा केन्द्रमा पुगेर आफ्नो बारेमा जानकारी गराएपश्चात् सो केन्द्रको व्यवस्थापकले निजलाई आवश्यकता अनुसार सुरक्षाको व्यवस्था, न्यूनतम स्वास्थ्य सेवा, मनोविमर्शसेवा, मनोबैज्ञानिक सेवा, कानूनी सहायता तथा अन्य आवश्यक सेवा उपलब्ध गराउन सकिने व्यवस्था हुनु पर्नेछ ।

(२) उपदफा (१) को अतिरिक्त सेवा केन्द्रमा कम्तीमा पनि देहायको सेवा उपलब्ध गराउनु पर्नेछः-

(क) पीडित आएर आफ्नो बारेमा जानकारी गराउँदा मनोविमर्शकर्ताको व्यवस्था गर्ने र मनोविमर्श कर्ताले पीडितको बारेमा पूर्ण जानकारी लिएपछि उनलाई तत्काल आवश्यक पर्ने अन्य सुरक्षित वास वा अन्य प्रकारका सुरक्षाको व्यवस्था मिलाउने,

(ख) अनुसूची-१ बमोजिमको ढाँचामा घटनाको विवरण तयार गर्ने र व्यवस्थित रूपमा अभिलेख राख्ने,

(ग) सुरक्षाको व्यवस्था पछि आवश्यक स्वास्थ्य जाँचका लागि स्वास्थ्य संस्था वा उपलब्ध स्वास्थ्यकर्मीको सहयोग लिई केन्द्रमै जाँच गर्ने वा स्वास्थ्य संस्थामा आफैले लिएर जाने र जाँदा आफूले तयार गरेको घटनाको विवरण समेत स्वास्थ्यकर्मीलाई जानकारी गराउने,

(घ) स्वास्थ्य जाँच पछि पीडितले घटनाको उजुरी गर्न चाहेमा उजुरी सुन्ने निकायमा उजुरी गर्नको लागि आवश्यक कागजात वा उजुरी तयार गरी उजुरी गर्न सहयोग गर्ने,

(ङ) खण्ड (घ) बमोजिम उजुरी गर्दा खण्ड (ख) बमोजिम तयार गरेको विवरण समेत उजुरी सुन्ने निकायलाई उपलब्ध गराउने,

(च) स्वास्थ्य जाँच पछि शारीरिक चोटपटक, पीडा तथा अन्य हुन सक्ने जोखिम न्यूनिकरण गर्न HIV, STI, Pregnencyजस्ता पक्षमा स्वास्थ्य मन्त्रालयद्वारा तयार गरिएको निर्देशिका बमोजिम उपचार गर्ने,

(छ) मनोविमर्श सेवाको आवश्यक भएमा सो सेवा उपलब्ध गराउने र यसको लागि मनोविमर्शकर्तालाई पीडितलाई भेट गर्नु अगावै निजको घटना विवरण बारेमा जानकारी दिने,

(ज) कानूनी परामर्श वा सेवा आवश्यक परेमा सो सेवा उपलब्ध गराउनको लागि कानून व्यवसायीको व्यवस्था गर्ने ।

(झ) पीडितले सोधपुछ गरिएको भाषामा आफ्नो कुरा व्यक्त गर्न नसक्ने अवस्थामा आवश्यक दोभाषेको व्यवस्था गर्ने । सो अवस्था आएमा दोभाषेबाट पीडितको गोपनीयता भङ्ग नहोस् भनेर आवश्यक प्रक्रिया अपनाउने र सचेत गराउने

(ञ) सोधपुछ गर्दा पीडितको अभिभावक, कानून व्यवसायी वा उनले विश्वास गरेको व्यक्ति समक्ष मात्र गर्ने तर रातिको समयमा वा लामो समयसम्म क्रमश सोधपुछ नगर्ने ।

**१४. केन्द्रीकृत सहयोगी केन्द्रसम्बन्धी व्यवस्था (अस्पतालमा आधारित एकव्दार संकट व्यवस्थापन केन्द्र Hospital Based One Stop Crisis Management Center सम्बन्धी व्यवस्था) :**

(१) अस्पतालमा आधारित एकव्दार संकट व्यवस्थापन केन्द्रहरू (One Stop Crisis Management Center) को स्थापना तथा सञ्चालन अनुसूची-२ मा उल्लेख भए बमोजिमका आधारमा गर्नु पर्नेछ ।

(२) पीडित महिला अपाङ्गता भएको भएमा ध्यान दिनुपर्ने कुराहरु :

(क) पीडित महिला कुन प्रकारको अपाङ्ग हो सोही अनुसार उनको भनाई बुझ्ने गरी दोभासे वा सांकेतिक भाषा सहयोगी राखी उनको भनाई लिने व्यवस्था गर्ने

(ख) भाषा सहयोगीले पीडितको भनाईलाई जस्ताको तस्तै भन्ने गरी सुरुमा नै सचेत गराउने ।

**१५. लैङ्गिक हिंसा पीडित व्यक्ति बालबालिका भएमा विशेष ध्यान दिनु पर्ने कुराहरू:** लैङ्गिक हिंसा पीडित व्यक्ति बालबालिका भएमा उनीहरूसँग काम गर्दा देहायका विषयमा विशेष ध्यान दिनु पर्दछ :-

(क) पीडितबालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिने,

(ख) पीडित बालबालिकाको आवश्यक हेरचाह एवम् संरक्षणको बारेमा सचेत हुने,

(ग) पीडित बालबालिकालाई जात, धर्म, रङ्ग, वर्ण, भाषा, लिङ्ग, राजनैतिक, जातीयता, अपाङ्गताको स्थिति वा जन्मेको स्थान र स्थितिजस्ता कुनै पनि कारणबाट विभेद नगरी समान व्यवहार र सेवा सुविधाको व्यवस्था गर्ने,

(घ) पीडित बालबालिकासँग घटेको प्रत्येक घटनाको विश्लेषण गरी सही र दिगो समाधानका उपायहरूको खोजी गर्ने,

(ङ) पीडित बालबालिकको सहयोगकोलागि अन्तरसंस्था समन्वय र प्रेषण प्रणालीतयार गरि लागू गर्ने,

(च) पीडित बालबालिकाको न्यायमा सहज पहुँचकोलागि आवश्यक संयन्त्रको विकास गर्ने,

(छ) पीडित बालबालिकालाई पीडित एवम् सम्भाव्य साक्षीको रूपमा संरक्षण दिने,

(ज) पीडित बालबालिकासँगव्यवहार एवम् काम गर्ने सीप विकासकालागि आवश्यकता अनुसारको तालिमको व्यवस्था गर्नु पर्दछ,

(झ) पीडित बालबालिकाहरूको गोपनीयताको अधिकारलाई उच्च प्राथमिकतामा राख्ने,

(ञ) पीडित बालबालिकाहरूको पीडा पनि अरुको जस्तै संवेदनशील र दुःखद हुन्छ भन्ने कुरालाई कहिले पनि नबिर्सने,

(ट) पीडित बालबालिकालाई सोधपुछ गर्दा सम्बन्धित क्षेत्रमा तालिम प्राप्तकर्मचारीहरूद्वारागोपनीयताको विशेष व्यवस्था गरी गर्न व्यवस्था गर्ने,

(ठ) पीडित बालबालिकको गोपनियता कायम गर्दै उनीहरूको घर ,परिवार, विद्यालय र समाजका सदस्यहरूसँग पुनर्मिलन गराउन परिवार, समुदायका व्यक्ति, शिक्षक र उनको सहकर्मीहरूसँग मिलेर काम गर्ने,

(ड) पीडितको सामाजिक पुर्नमिलनकोलागि सहयोग, उपयुक्त समय, परिवार र समुदायको बारेमा सुचि तयार पार्ने साथै सबै प्रकियाको अनुगमन गर्ने, बालबालिकालाई पर्न सक्ने जोखिमताको स्थिति पहिचान गरी सो अनुसारको व्यवस्था मिलाउने ।

(ढ) आफ्नै परिवारका सदस्यहरूबाट पीडित बालबालिकाहरूसँग सोधपुछको तथा अन्तरर्वाताकोलागि चित्र, नृत्य जस्ता सहयोगी उपायहरूको समेत प्रयोग गर्ने गरी विशेष संयन्त्र तयार गरी सोधपुछ गर्ने व्यवस्था मिलाउने ।

(ण) बालबालिकाहरू घरपरिवारकै सदस्यबाट पीडित हुने, यौन शोषित हुने सम्भावनालाई ख्याल गरी त्यस्तो घटना आएमा आवश्यकता अनुरूपको विशेष व्यवस्था मिलाउने ।

(त) पीडित बालिकाले सहज हुने भाषामा सोधपुछ गर्ने आवश्यक भएमा भाषा अनुवादकको व्यवस्था गर्ने ।

(थ) सोधपुछ गर्दा पीडित बालिकाको अभिभावक, कानून व्यवसायी वा बालिकाले विश्वास गरेको व्यक्ति समक्ष मात्र गर्ने तर रातिको समयमा वा लामो समयसम्म क्रमश सोधपुछ नगर्ने ।

१६. **सहयोगसम्बन्धी कार्य सञ्चालनः**

**(१)** लैङ्गिक हिंसाको घटनाबारेमा जुन निकायले जानकारी वा उजुरी प्राप्त गर्दछ सोहि निकायले पीडितलाई आवश्यकता अनुसार आफैले सहयाग गर्ने वा सहयोग गर्ने अन्य संस्थाहरूसँग समन्वय गरी सहयोगका कार्यहरू अगाडि बढाउनु पर्नेछ ।

(२) लैङ्गिक हिंसाको घटनामा कारवाहीलाई अगाडि वढाउने क्रममा पीडितलाई जानकारी प्राप्त गर्ने निकायले पीडितलाई आवश्यक सहयोग प्राप्त गर्न सजिलो हुने गरी नजिकका सेवा केन्द्र वा सहयोग गर्ने संस्थार त्यहाँ उपलब्ध सेवाहरूको बारेमा स्पष्ट जानकारी दिनु पर्नेछ ।

(३) सहयोगसम्बन्धी कार्य सञ्चालनका अन्य आधार देहाय बमोजिम हुनु पर्नेछः-

(क) सेवा प्रदान गर्ने निकायलाई सिफारिस गर्ने (Referal System) प्रणालीमा अन्य निकायहरूले प्रदान गर्ने सेवाहरूको बारेमा स्पष्ट जानकारी हुन सक्ने गरी डाईरेक्ट्रीतयार गरि सोहि अनुसार कार्यान्वयन गर्ने, यसको अगुवाई “सेवा केन्द्र” हरूले गर्नु पर्नेछ ।

(ख) सेवा प्रदान गर्ने संस्थामा पीडितको अवस्था र चाहना अनुसारको सेवाको व्यवस्था छ वा छैन भन्ने बारेमा पीडितलाई सहि र स्पष्ट जानकारी दिने, आवश्यक सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने ।

(ग) पीडितले घटनाकोबारेमा जानकारी गराई सकेपछि उसलाई अनावश्यक झण्झट नहोस् भन्नकोलागि सम्बन्धित सरोकारवालाहरूले एकद्वार सेवा प्रणालीको व्यवस्था गर्ने,

(घ) सेवा केन्द्र वा केन्द्रिकृत सहयागी केन्द्रको व्यवस्था नभएको स्थानमा पीडितलाई आवश्यक सहयोगको लागि लैङ्गिक हिंसाको विरुद्ध कार्यसञ्चालन गर्ने वा सहयोग गर्ने विभिन्न निकाय वा संस्थाहरूबीच समन्वय र सहकार्य गरी सहयोग उपलब्ध गराउने व्यवस्था गर्ने,

(ङ) पीडितमाथि भएको हिंसाको कारण पत्ता लगाई उसलाई आवश्यक पर्ने स्वास्थ्य उपचार, मनोविमर्श तथा कानुनी सेवाहरू जस्ता आवश्यक सेवाहरू सहज तरीकाले

उपलब्ध गराउने व्यवस्था गर्ने सबै बहुपक्षीय सरोकारवालाहरूको जिम्मेवारी हो भन्ने कुरालाई मनन गरेर कार्य सञ्चालन गर्ने ।

(४) सेवा केन्द्र वा केन्द्रिकृत सहयोगी केन्द्रको व्यवस्था नभएको स्थानमा सहयोग सञ्चालन, सिफारिस गर्ने (Refer)तथा सहयोगको लागि प्रेषण मार्ग र चरणहरूको बारेमा अनुसूची-३ मा उल्लेख गरिएकोछ ।

१७. **अनुसन्धानः**

(१) उजुरी परेपछि प्रहरी कार्यालयले उक्त घटना घटेको हो होइन अनुसन्धान गरी घटनाको प्रमाण सङ्कलन गर्ने लगायतका प्रक्रिया पूरा गरी पीडकविरुद्ध प्रचलित कानून बमोजिम मुद्दा चलाउने कारबाही चलाउनु पर्दछ ।

(२) घटनाको साक्षीको सुरक्षा सम्बन्धमा उचित व्यवस्था मिलाउने तथा लैङ्गिक हिंसाको अनुसन्धानका लागि प्रहरीभित्र लैङ्गिक संवेदनशील अनुसन्धान प्रकियाको बारेमा आवश्यक तालिम दिई दक्ष र विशेषज्ञबाट अनुसन्धान हुने व्यवस्था गर्नु पर्नेछ । लैंङ्गिक हिंसासम्बन्धी घटना अनुसन्धान कार्यलाई अनुसन्धान टोलीभित्र संभव भएसम्म अधिकृत स्तरको कम से कम १ जना महिला प्रहरी अधिकृत समावेश गर्नुपर्नेछ ।

(३) प्रहरी कार्यालयले पीडितलाई अदालतमा पुऱ्याउदा देहायको कुराहरूमा ध्यान दिनु पर्दछः

(क) मुद्दाको उजुरीदेखि अदातलसम्म पुग्नु भन्दा अगाडि भएका सबै प्रक्रियाहरूलाई यसमा समावेश गर्ने,

(ख) सरकारी वकिलले साक्षी वकपत्र, घाँउ जाच प्रतिवेदन, मनोविमर्शकर्ताको प्रतिवेदन लगायतका आवश्यक प्रमाण जुटाई फैसलासम्म पुग्नकोलागि सहयोग गर्ने,

(ग) घटनाको विवरण तथा प्रमाण कागजातको संलग्न गरी मुद्दाहेर्ने अधिकारीलाई फैसलामा पुग्नको लागि सहयोग गर्ने कागजात संलग्न गर्ने ।

(घ) पीडितको स्वास्थ्य परिक्षण र घटनास्थलमा भेटिएका सबुद प्रमाण भौतिक परिक्षणका लागि पेश गर्नुपर्ने ।

## परिच्छेद-४

## लैङ्गिकहिंसाविरुद्ध कार्य गर्नेव्यक्ति वा संस्थाले अबलम्बन गर्नु पर्ने कुराहरु

१८. **व्यक्तिले ध्यान दिनु पर्ने कुराहरूः** (१) लैङ्गिकहिंसाविरुद्ध कार्य गर्ने व्यक्तिले लैङ्गिकहिंसाविरुद्ध कार्य गर्दा वा पीडितलाई सहयोग गर्दा देहायका कुरालाई ध्यान दिदै कार्य सञ्चालन गर्नु पर्नेछः-

(क) पीडित र निजको परिवारका सदस्यहरूको सुरक्षालाई सधैं प्राथमिकतामा राख्ने ।

(ख) संभव भएसम्म पीडितको अनुसूची-४ बमोजिमको ढाँचामा लिखित सहमति लिएर मात्र निजसम्बन्धी सूचना अन्य आधिकारिक व्यक्तिलाई उपलब्ध गराउने,

(ग) पीडितको बारेमा सूचना दिँदा हुन सक्ने जोखिमताहरूलाई विश्लेषण गरी अति आवश्यक भएमा मात्र सूचना दिने,

(घ) पीडितलेनै सहमति दिएकोमा बाहेक सूचना दिँदा पीडितको नाम, ठेगाना जस्ता पहिचान खुल्ने सूचनाहरू गोप्य राख्ने,

(ङ) पीडितकोबारेमा कसैलाई कुनै पनि सूचना दिनु भन्दा पहिले सो सूचना कसलाई, कुन उद्देश्यले दिन लागिएको हो सो को बारेमा पीडितलाई स्पष्ट जानकारी गराउने,

(च) आवश्यकता अनुसार आरोपीत वा पीडककोबारेमा आफूलाई जानकारी भएको सूचना तथा जानकारीहरू पनि गोप्य राख्ने,

(छ) लैङ्गिक हिंसा रोकथाममूलक, प्रतिक्रियात्मक र उपचारात्मक कुनै पनि प्रकारका सेवाहरूको योजना कार्यान्वयन वा अन्य कुनै पनि प्रकारको निर्णय लिँदा पीडितको इच्छा, अधिकार, आत्मसम्मानमा कुनै प्रकारको आघात नपुग्ने गरी निर्णय लिने,

(ज) पीडितको लागि कार्यालयबाट उपलब्ध हुने सबै प्रकारका सेवा सुविधा विनाकुनै भेदभाव उपलब्ध गराउने,

(झ) बालबालिकाको आफ्नो जीवनलाई प्रभाव पार्ने कुनै पनि प्रकारको निर्णय लिने अधिकार छ भन्ने कुरामा सचेत हुँदै बालबालिकाको अधिकार सुनिश्चित गर्ने,

(ञ) बालबालिकाको तर्फबाट निर्णय लिनुपर्ने भएमा बालबालिकाको पहिलो रूचीलाई आधारभूत सिद्धान्तको रूपमा लिई उक्त सिद्धान्त व्यवहारमा रूपान्तरित गर्न उचित प्रकृया अपनाउने,

(ट) लैङ्गिक हिंसाका घटनाहरूमा विनाकुनै पुर्वाग्रह (non-judgmental) भएर कारबाही गर्ने,

(ठ) पेशागत आचरण तथा कार्यालयले तयार गरेको आचरणको अनुसरण गर्ने ।

## १९. लैङ्गिकहिंसाविरुद्धकानुन कार्यान्वयन गर्ने निकायले कार्यसम्पादनमा ध्यान दिनु पर्ने विषयः

(१)लैङ्गिक हिसा विरुद्धकानुन कार्यान्वयन गर्ने निकाय तथा पदाधिकारीले दफा १८ मा उल्लेख भएका व्यवस्थाको अतिरिक्त देहायको विषयमा ध्यान दिदै कार्य गर्नु पर्नेछ :-

(क) लैङ्गिक हिंसाका मुद्दालाई अदालत आउन नदिने प्रकारको कुनै पनि कार्यमा संलग्न नहुने,

(ख) लैङ्गिक हिंसाका कुनै पनि मुद्दामा पीडितको इच्छा विपरित पीडक र पीडितबीच सम्झौता गरी मुद्दालाई अदालतमा आउनबाट रोक्ने कार्यमा सहजीकरण नगर्ने,

(ग) लैङ्गिकहिंसाविरुद्धका प्रचलित कानूनको ज्ञान हुनु राम्रो हुनेछ,

(घ) पीडित एवम् सरोकारवालाहरूलाई कानुनी प्रकियाको बारेमा पूर्ण एवम् सही सूचना दिने,

(ङ) पीडितलाई निष्पक्ष र सम्मान जनक व्यवहार गर्ने,

(च) पीडितको स्वास्थ्य र सुरक्षालाई उच्चतम प्राथमिकता दिने,

(छ) लैङ्गिक हिंसाको घटना घटेको ७२ घण्टाभित्र पीडितलाई आवश्यकता अनुसार अनुभवी गुणस्तरीय चिकित्सकको सेवा र मनोवैज्ञानिक सेवा उपलब्ध गराउने व्यवस्था गर्ने,

(ज) पीडितलाई उजुरी गर्न कुनै प्रकारको दबाब नदिने र आफूमाथि भएको अपराधलाई प्रहरी कहाँ लग्ने वा नलग्ने भन्ने कुराको निर्णय गर्ने पीडितको अधिकारलाई पूर्ण रुपमा सम्मान गर्ने,

(झ) पीडितसँग सम्बन्धित सूचनाहरू गोप्य राख्ने,

(ञ) पीडित, निजको परिवार तथा साक्षीहरूलाई आउँन सक्ने कुनै पनि प्रकारको चुनौतीबाट जोगाउन आवश्यक सूचना दिने,

(ट) पीडितको सम्बन्धमा भएका कुनै पनि निर्णयलाई ढिलासुस्ती नगरी अविलम्ब कार्यान्वयन गर्ने,

(ठ) लैंगिक हिंसाको घटना र सोसग सम्बन्धित कागजात सार्वजनिक गर्दा पीडितको पहिचान खुल्न नसक्ने गरी सार्वजनिक गर्ने,

(ड) अदालतमा पेश नगरिएका सूचनाहरूलाई गोप्य राख्ने,

(ढ) लैङ्गिक हिंसाको घटनाहरूको अभिलेख छुट्टै फाइलमा सुरक्षित तरिकाले जो कोहिको पहुँच हुन नसक्ने गरी राख्ने,

(ण) सार्वजनिक नभएका लैंगिक हिंसाका पीडितसँग सम्बन्धित सूचनाहरू उनिहरूको सहमती विना मनोविमर्शकर्ता, स्वास्थ्यकर्मी जस्ता व्यक्तिहरूलाई समेत उपलब्ध नगराउने,

(त) पीडितसँग सोधपुछ गर्दा वा घटना उजुरी गर्ने समयमा नै उनलाई उनको सबै सूचना गोप्य राखिने कुराको प्रत्याभूति र विश्वास दिलाउने ।

(२) देहायको विषयमा लैङ्गिक हिसाविरुद्धकानुन कार्यान्वयन गर्ने निकायले पीडितलाई समयमै जानकारी गराउनु पर्नेछः-

(क) कानुन तथा कानुनी प्रक्रिया,

(ख) कानुनका सीमाहरू

(ग) मौजुदा कानुन र तिनबाट प्राप्त हुन सक्ने उपचारमा रहेका कमजोरी र सवल पक्ष,

(घ) पीडित र निजका साक्षीमा आउन सक्ने खतरा र सोबाट बच्ने उपायहरू,

(ङ) अदालत वा न्याय गर्ने निकायबाट प्राप्त उपचारमा सन्तोष नभएमा प्राप्त हुन सक्ने थप उपचारका व्यवस्था र सोसँग सम्बधित कानूनी व्यवस्थाहरू

**२०. स्वास्थ्य सेवा तथा मनोविमर्श:**

(१) पीडितलाई उपलब्ध गराइने स्वास्थ्य सेवा विभिन्न तहमा रहेका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य संस्थाहरूबाट उपलब्ध गराउने व्यवस्था गर्न सकिनेछ ।

(२) पीडितलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदा स्वास्थ्य मन्त्रालयद्वारा तयार गरिएको प्रजनन् स्वास्थ्यसम्बन्धी निर्देशिकालाई आधार मान्नु पर्नेछ र स्वास्थ्य जाँच गर्दा अनुसूची-५ बमोजिमको विवरण समेत तयार गर्नु पर्नेछ ।

(३) स्वास्थ्य तथा मनोविमर्शसम्बन्धी सेवाहरू देहायका सङ्घ संस्थ वा व्यक्तिबाट दिइने व्यवस्था मिलाउन सकिनेछः-

(क) विभिन्न तहमा रहेको स्वास्थ्य संस्था

(ख) तालिम प्राप्त मनोविमर्श कर्ता

(ग) तालिम प्राप्त महिला स्वास्थ्य परामर्शकर्ता ।

२१. **विभिन्न निकायको भूमिका र जिम्मेवारीहरू :** कानून कार्यान्वयन गर्ने, सुरक्षा दिने तथा स्वास्थ्य र मनोविमर्श सेवा प्रदान गर्ने निकायहरूको भूमिका र जिम्मेवारीहरू देहाय बमोजिम हुनेछः-

(क) घटनाको प्रारम्भिक अवस्थादेखि नै अनुसन्धान गरी अपराधीलाई कानुनी कारवाही र पीडितलाई न्याय दिलाउनसहयोग गर्ने,

(ख) पीडित तथा प्रभावित व्यक्तिहरूको अधिकारको सुनिश्चितता तथा आवश्यक सूचना प्रदान गर्ने,

(ग) महिला र बालबालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा जस्तै : घरेलु हिंसा, सामाजिक,हिंसा, जबरजस्तीकरणी, बोक्सीको आरोपका घटनाहरू सामाजिक एवम् कानुनी अपराध हुन् । समाजमा यस्तो घटना घट्न नदिन सबैको जिम्मेवारी हो भन्नेबारे सबैलाई स्पष्ट बनाउन जानकारी दिने ।

(घ) लैङ्गिक विभेदमा आधारित हिंसाबाट पीडित प्रभावित सबैलाई आवश्यक पर्ने सहयोग मानव अधिकारको मान्यता र मापदण्ड बमोजिम भएको छ भन्ने सुनिश्चित गर्ने,

(ङ) गोपनियता, सुरक्षा,संरक्षण, न्याय, मनोविमर्श, समन्वय जस्ता कुरामा विशेष ध्यानपुर्‍याई पीडितलाई सहयोग गर्ने,

(च) बालबालिकाको हकमा उनीहरूको भावनाको सम्मान गर्दै, गोपनियता र बाल अधिकारको सुनिश्चितताकोलागि सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने,

(छ) लैङ्गिक हिंसाको घटनाहरूको पहिचान र रोकथामको लागि कार्यालयमा कार्यरत  कर्मचारी र समुदायको व्यक्तिलाई लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध तालिमहरूको व्यवस्था गर्ने ।

## परिच्छेद-५

## पीडितकोलागि सुरक्षित आवाससम्बन्धीव्यवस्था

२२. **जानकारी राख्नु पर्नेः** (१) सुरक्षित आवासमा कस्ता कस्ता हिंसा प्रभावितहरूलाई राख्ने व्यवस्था गरिएको छ सो कुराको बारेमा सुरक्षित आवासको लागि सिफारिस गर्नेसंस्था वा निकाय र त्यस्तो आवास सञ्चालन गर्ने संस्थाका व्यवस्थापक तथा कर्मचारीले जानकारी राख्नु पर्नेछ ।

(२) सुरक्षित आवास सुरक्षित र गोप्य ठाउँमा हुनु पर्दछ ।

२३. **पीडितको अभिलेख राख्नेः** पीडितलाई सुरक्षित आवासको व्यवस्था गर्नु पर्ने भएमा वा सोको लागि कुनै निकाय वा संस्थाबाट सिफारिस भई आएमा देहाय बमोजिम गरी आवास सुविधा उपलब्ध गराउनु पर्नेछः-

(क) सुरक्षित आवासमा राख्नु पर्ने पीडित संभव भएसम्म फोटो सहित नाम ठेगाना दर्ता गरी निजको साथमा भएको सम्पूर्ण सामान अभिलेख तयार गरी राख्ने,

(ख) खण्ड (क) बमोजिमको अभिलेखमा पीडितलाई सुरक्षा आवासमा कसले र कहाँबाट सिफारिस गरेको हो भन्ने कुरा, पीडितको बारेमा जानकारी राख्ने,

(ग) आवास सुविधा प्राप्त गर्ने प्रत्येक पीडितको भिन्दा भिन्दै रेकर्ड फाइल तयार गरी राख्ने,

(घ) घटनाको विवरण तयार नगरेको भएमा अनुसूची-१ बमोजिम घटनाहरूको प्रतिवेदन तयार पार्ने,

(ङ) पिडीतको गोपनियताको लागि दैनिक कार्य सञ्चालनका लागि हरेक घटनाको लागि अनिवार्य रूपमा कोड न. राख्ने । आवश्यक पर्दा पीडितको नाम परिवर्तन गरी व्यवहारमा ल्याउने ।

२४. **पीडितलाई आवासमा राख्नेः** (१) पीडितको नाम दफा २४ बमोजिमको आवासको अभिलेख दर्ता गरे पछि निजलाई सुरक्षा आवासमा राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) पीडितलाई सुरक्षा आवासमा राखेको जानकारी पीडितको गोपनियता कायम गर्ने गरी त्यस्तो आवास सञ्चालन गर्ने व्यवस्थापकले नजिकको प्रहरी कार्यालयमा गराउनु पर्नेछ ।

२५. **सहयोगको लागि प्राथमिकता निर्धारण र सहयोग गर्नेः**(१) सिधै सुरक्षित आवासमा आएका पीडितको आवासको व्यवस्थापकले पीडितको आवश्यकता र अवस्था अनुसार निजलाई तत्काल उपलब्ध गराउनु पर्ने सहयोगको प्राथमिकता निर्धारण गर्नु पर्नेछ ।

(२) घाउ, चोटपटक वा जवरजस्ती करणीको घटनाहरू भएमा अनिवार्य रूपमा स्वास्थ्य परिक्षण गराउनु पर्दछ । जवरजस्ती करणीको घटना भएमा प्राप्त भएका सवुत प्रमाणहरू सुरक्षित राख्नु पर्दछ साथै आवश्यक कारवाहीकोलागि प्रक्रिया अगाडि बढाउनु पर्दछ । आवश्यक कानुनी कारवाही गर्ने प्रक्रिया अगाडि बढाउने/नबढाउनेबारे पीडितसँग अनिवार्य सहमति लिने । पीडितले नचाहे कानुनी प्रक्रिया अगाडि नबढाउने ।

२६. **कानूनी उपचार**:(१)सुरक्षा आवासको सञ्चालक वा व्यवस्थापकले सुरक्षा आवासमा आएका पीडितको न्यायिक उपचारको लागि आवश्यक कानूनी सहयोग गर्नु पर्दछ ।

(२) कुनै सघं सस्थाबाट सिफारिस गरी पठाइएका पीडितहरूलाई कानुनी सहयोग गर्नु परेमा त्यसरी सिफारिस गर्ने र आवास उपलब्ध गराउने संस्थाबीच छलफल गरी कार्य गर्नु  पर्दछ ।

(३) पीडितहरूको न्यायिक उपचारकोलागि जिल्ला बार एसोशिएसन वा अन्य सम्बन्धित सरोकारवाला सङ्घ संस्थाहरूको सहयोग लिनु पर्दछ ।

(४) घटनालाई कानुनी प्रकियामा लानकोलागि कानुनी हदम्यादको बारेमा सुरक्षा आवासका जिम्मेवार व्यक्तिलाई पुर्ण जानकारी हुनु पर्दछ ।

(५) लैङ्गिकहिंसा फौज्दारी प्रकृतिको रहेछ भने त्यस्तो घटनालाई अनिवार्य प्रहरी प्रशासनमा लाने साथै आवश्यकता अनुसार अदालती कारवाही गर्नु पर्दछ ।

(६) पीडितलाई कानुनी उपचारको लागि अदालत जानु पर्दा वा अन्य काम विशेषले बाहिर जानु पर्दा सुरक्षा आवासको जिम्मेवार व्यक्ति निजको साथमा जानु पर्नेछ ।

२७. **मनोविमर्श सेवा** : (१) सुरक्षा आवासमा आएका पीडितलाई दैनिक वा आवश्यकता अनुसार तालिम प्राप्त मनोविमर्शकर्ताबाट कम्तीमा ६ हप्ताको निरन्तर मनोविमर्शसेवा उपलब्ध गराउने व्यवस्था हुनु पर्नेछ ।

(२) मनोविमर्श कर्ताले पीडितको मानसिक स्वास्थ्य अवस्थाको बारेमा प्रत्येक दिन अध्ययन गरी गोप्य तरिकाले सो को रेकर्ड राख्नु पर्नेछ ।

२८. **सुरक्षा आवासमा बस्नेलाई भेट्ने प्रकिया: (१)** सुरक्षा आवासमा रहेको पीडितलाई भेट्न चाहने व्यक्तिले सुरक्षा आवासको व्यवस्थापक वा निजले अधिकार दिएको कर्मचारीलाई भेटगर्न चाहेको पीडितको नाम र निजसँगको नाता तथा भेट गर्नु पर्ने कामको वारेमा जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पीडितलाई भेट गर्न आएको व्यक्तिको बारेमा सुरक्षा आवासको व्यवस्थापक वा निजले अधिकार दिएको कर्मचारीले सम्बन्धित पीडितलाई भेट गराउने छ र पीडितले भेटगर्न चाहेमा मात्र बाहिरबाट भेट गर्न आएको व्यक्तिले पीडितलाई भेट गर्न पाउने व्यवस्था गर्नु पर्नेछ ।

२९. **अनौपचारिक/औपचारिक शिक्षा दिने व्यवस्था गर्ने**:(१) सुरक्षा आवासमा बस्दै आएका सामान्य लेख्न पढ्न सक्नेहरूकोलागि अनौपचारिक शिक्षाको व्यवस्था मिलाउनु पर्दछ ।

(२) कुनैपनि पीडितलाई बाहिरबाट आएको (पीडितले भेट्न चाहेको) पीडितको नातेदार वा अन्य (पीडितले भेट्न चाहेमा मात्र) सँग भेटाउँदा सुरक्षा आवासमा नभई अन्य सुरक्षित ठाउँमा भेट्ने व्यवस्था मिलाउनु पर्दछ ।

(३) पीडित नियमित विद्यार्थी छ भने उसको औपचारिक शिक्षालाई निरन्तरता दिने व्यवस्था मिलाउन यसका लागि संभावित उपायहरु अपनाउने ।

(४) लेखपढ गर्न चाहने पीडितको लागि सुरक्षा आवासमा विभिन्न विषयसँग सम्वन्धित पुस्तक, लेख, रचना, दैनिक पत्रपत्रिकाहरू उपलब्ध गराउनु पर्दछ र सम्भव भएमा सुरक्षा आवास भित्र नै सानो लाईब्रेरीको व्यवस्था गर्नु पर्नेछ ।

**३०.** **सुरक्षित आवासको सुरक्षाः**सुरक्षित आवासको सुरक्षाको लागि देहायको व्यवस्था गर्नु पर्नेछः-

(क) सुरक्षा आवासमा महिलाहरूमात्र बस्ने हुनाले विशेष अवस्था बाहेक पुरुषहरूलाई आवासमा पस्ने अनुमति हुनु हुदैन ।

(ख) सुरक्षा आवासको इन्चार्ज महिला नै हुनु पर्ने व्यवस्था गरिनु पर्नेछ ।

(ग) सुरक्षा आवासको सुरक्षाको लागि सुरक्षा गार्डको व्यवस्था गरिनु पर्नेछ ।

(घ) सुरक्षा आवासमा बस्ने महिलाहरूको बारेमा पीडितको अनुमतिमा मात्र अन्य व्यक्तिलाई जानकारी दिन सकिनेछ । यदि पीडितको अनुमति नभएमा अरुलाई निजको बारेमा जानकारी दिनु हुदैन ।

(ङ) सुरक्षा आवाससँग सम्बन्धित सबै कर्मचारीहरूलैङ्गिक संवेदनशील हुनुपर्दछ । यसकोलागि सुरक्षा आवासका कर्मचारीहरूलाई लैङ्गिकहिंसाविरुद्धको तालिम अनिवार्य रूपले दिनु पर्दछ ।

**३१.** **सुरक्षित आवासमा भएका पीडितहरूलाई अन्य सङ्घ संस्थामा प्रेषण गर्ने** :(१) पीडित व्यक्ति बालिका भएमा बालबालिकाको क्षेत्रमा काम गर्ने सङ्घ संस्थासँग समन्वय गरी आवश्यक सहयोगको व्यवस्था गर्ने । बालिकाहरूलाई लामो समयकोलागि सोहि संस्था राख्नु पर्ने भएमा अन्य सरोकारवालाहरूसँग समन्वय गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) हिंसा पीडितलाई आवश्यक पर्ने सहयोगहरू (खासगरी लामो समयसम्म आवश्यक पर्ने सहयोग) सङ्घ/संस्थाहरूसँग सामन्जस्य गरी व्यवस्था गर्ने ।

(३) पीडितकोलागि सिप विकास तालिमको लागि घरेलु तथा साना उद्योग कार्यालय र अन्य सम्बन्धित सङ्घ सस्थाहरूसँग समन्वय गरी सोको लागि सिफारिस तथा प्रेषण गर्नु पर्नेछ ।

**३२.** **सुरक्षित आवासमा हुनपर्ने सामग्रीहरूः** सुरक्षित आवासमा कम्तीमा पनि देहायका सामग्रीहरूहरहमेशा उपलब्ध हुनु पर्ने-

(क) प्राथमिक उपचार सामाग्री बाकस (यसमा महिलाहरूकोलागि महिनावारी हुदा प्रयोग गरीने सेनेटरी प्याड समेत),

(ख) आगो लागि भएमा निभाउनेसम्बन्धीव्यवस्था,

(ग) केही लुगा कपडाहरू (कुर्ता सुरवाल, सारी, ब्लाउज, पेटीकोट, टीशर्ट)

(घ) खेलकुदका केही सामाग्रीहरू

(ङ) टेलीफोन आदि

(च) बत्ती र पानीको व्यवस्था

(छ) व्यक्तिगत सरसफाईका सामाग्री

३३. **सुरक्षित आवासमा बस्नेहरूकालागि दैनिक क्रियाकलापः** सुरक्षित आवासमा बस्ने पीडितहरूको लागि देहायका दैनिक क्रियाकलाप गर्न सक्ने वातावरण तयार गरी दिनु त्यस्तो आवासको सञ्चालक वा व्यवस्थापकको कर्तव्य हुनेछः-

**(क)** शारीरिक व्यायामको अभ्यास,

(ख) व्यक्तिगत सरसफाईहरूको विशषमा आवश्यक जानकारी,

(ग) मनोविमर्श सेवाको व्यवस्था,

(घ) पत्रपत्रिकाको व्यवस्था,

(ङ) अतिरिक्त क्रियाकलाप गराउने जस्तै : खेल खेलाउने, सिलाइ, वुनाइ, कटाई, सिकाउने

(च) खाना तथा खाजाको समय ।

३४. **सरसफाईसम्बन्धी व्यवस्थाः** सुरक्षीत आवासमा बस्ने पीडितहरूले सरसफाई सम्बन्धमा देहायका विषयमा ध्यान दिनु पर्नेछः-

(क) सुरक्षा आवासमा बस्ने हरेक व्यक्तिले आफ्नो सरसफाईमा ध्यान दिनु पर्नेछ ।

(ख) आफ्नो लुगा कपडा तथा आफूले ओडेको, ओच्छ्याएको कपडाहरू आफै धुनु पर्नेछ । तर अपाङ्गता भएका वा विषेश परिस्थितिमा अरुले पनि सहयोग गर्नु पर्दछ ।

(ग) पीडितलाई आवश्यकता अनुसार सावुन, ब्रस, मन्जन, तेल, काईयो आदिको व्यवस्था आवासको व्यवस्थापक वा सञ्चालकले मिलाउनु पर्नेछ ।

(घ) सुरक्षा आवासको नियमित सरसफाई गर्नु पर्दछ ।

(ङ) सुरक्षा आवासको व्यवस्थापनमा पीडितहरूको निर्णयक भूमिका सुनिश्चित गर्नु पर्दछ ।

## परिच्छेद-६

## पीडितकोबचावट गर्दा अवलम्बन गर्नु पर्ने कुराहरु

३५ **पीडितकोबचावट गर्दा अवलम्बन गर्नु पर्ने कुराहरुः** पीडितको बचाबटको लागि प्रहरी चौकीले देहायका सिद्धान्तको अवलम्बन गर्नु पर्नेछः-

(क) प्रत्येक प्रहरी चौकीका संपूर्ण कर्मचारीहरूलाई लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्धको तालिम दिनु पर्दछ ।

(ख) विभिन्न औपचारिक तथा अनौपचारिक संजालहरूको सहयोग लिई लैङ्गिक विभेदमा आधारित हिंसा प्रभावित तथा साक्षिहरूको सुरक्षाको आवश्यकता एवम् त्यसका लागि अवलम्बन गर्नु पर्ने व्यवहारहरू प्रचार प्रसार गर्नु पर्दछ ।

(ग) लैङ्गिकहिंसाविरुद्ध काम गर्ने सरोकारवालाहरू जस्तैः मनोविमर्शकर्ता, कानुनी प्रतिक्रिया दिने सबै समूहलाई सुरक्षासम्बन्धी जानकारी दिनु पर्दछ ।

(घ) लैङ्गिकहिंसाविरुद्ध रहेका कानुनहरूको पालना गर्दा कुनै अप्ठ्यारो आएमा त्यस्ता अप्ठ्याराहरू के कारणले आएका हुन ? त्यसमा के गर्दा सहज हुन्छ भन्नेबारे सुझाव सहित समन्वय बैठकमा ल्याउनु पर्दछ ।

(ङ) पीडितलाई सकेसम्म छिटो छरीतो बिनाकुनै झन्झट न्यायको अनुभूति दिलाउन, उपयुक्त कानुन र नीतिहरूको प्रयोग गर्नु पर्दछ ।

(च) पीडितको सहमतीमा उनको घटनाको विषयमा आवश्यक सूचनाको सङ्कलन र अनुगमन गर्ने आवश्यक व्यवस्था गर्नु पर्दछ ।

(छ) महिलामाथि भएको हिंसाको घटनाको अनुसन्धान पीडित प्रति अत्यन्त संवेदनशील भई गर्नु पर्दछ र अनुसन्धानको क्रममा उपलब्ध भएसम्म मनोविमर्शकर्ताको सहयोग लिनु पर्दछ । मनोविमर्शकर्ता उपलब्ध नभए कुनै महिलाको सहयोग लिन सकिन्छ ।

## परिच्छेद-७

## घटनाको अभिलेख राख्नेसम्बन्धी व्यवस्था

३६. **लैङ्गिक हिंसाको घटनाको अभिलेख राख्नु पर्नेः** (१) लैङ्गिक हिंसाको विरुद्ध काम गर्ने सङ्घसंस्थाले लैङ्गिक हिंसाको घटनालाई अभिलेखबद्ध गरी सुरक्षित तवरले राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) घटनाको अभिलेख राख्दा देहाय बमोजिम राख्नु पर्नेछः-

(क) घटनाको सत्य तथ्यको बारेमा सम्बन्धित व्यक्तिसँग वा पीडितको परिवार वा आफन्तसँग घटना भएको स्थानमा पुगी तालिम प्राप्त व्यक्तिबाट विवरण सङ्कलन गरी अभिलेख तयार गर्ने,

(ख) प्रतिवेदनमा घटना घट्नु अघि र पछिको विवरणहरू स्पष्ट उल्लेख गरिएको हुनु पर्ने,

(ग) पीडक र पीडितको पूर्व सम्बन्ध, वर्तमान सम्बन्ध र भविष्यमा रहने अनुमानित सम्बन्ध कस्तो छ उल्लेख हुनु पर्नेछ ।

(घ) घटनाको विस्तृत विवरण अनुसूची-१ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

(ङ). बलात्कार, कुटपिट, घर निकाला, विभिन्न आरोपहरू लगाई समाजबाट बहिष्कार, कुटपिट, बोक्सीको आरोप तथा अभद्र व्यवहार जस्ता महिला अधिकार हनन्का घटनाहरू अभिलेख राख्ने विषय हुने र त्यस्ता घटनाको विवरण सङ्कलन गरी त्यसबारे स्पष्ट रूपमा विवणात्मक प्रतिवेदन तयार गरिनु पर्दछ ।

(च) घटनाको कानुनी पक्षको बारे स्पष्ट उल्लेख गर्नु पर्दछ जस्तै : घटना कुन प्रकृयाले अगाडि बढिरहेको छ, कुन नतिजा वा अवस्थामा

पुगेको छ र पीडितको उपचारको लागि गरिएका पहलहरूको विवरण हुनु पर्दछ ।

(छ) घटना सङ्कलन फारम तयार गर्दा एकरूपता हुनु पर्दछ ।

(ज) घटनासम्बन्धी ठोस प्रमाणहरूकोबारे उल्लेख गर्नु पर्दछ । जस्तै मेडिकल रिर्पोट फोटो, पुलिस रिर्पोट, लत्ता कपडा (प्राप्त भएमा), घटना घटेको देख्ने व्यक्तिको वयान ।

(झ) सम्बन्धित व्यक्ति वा संस्था आफै संलग्न भई घटनाकोलागि कार्य गरि आएको हो भने त्यसबारेमा पनि सरोकारवालाहरूलाई जानकारी दिनु पर्नेछ

३७. **घटनाको अनुगमन**ः लैङ्गिक हिंसाको विरुद्ध काम गर्ने सङ्घसंस्थाले लैङ्गिक हिंसाको घटनालाई देहाय बमोजिम अनुगमन गर्नु पर्नेछः-

(क) घटनाको अभिलेखन पश्चात पीडितलाई न्याय दिलाउँनकोलागि के कस्तो पहल भएको छ सो कुराको जानकारी लिने र सरोकारवालाहरूलाई समेत जानकारी गराउनु पर्दछ ।

(ख) पीडित घरमा नै बसेको छ भने सरोकारवालाहरूले समय समयमा उनलाई भेटि कुराकानि गरि वा घरमा नै गएर पनि अनुगमन गर्न सकिनेछ ।

(ग) अनुगमन गर्दा अनुसूची-६ बमोजिमको फारम प्रयोग गर्न सकिनेछ ।

३८. **घटनाहरूको तथ्याङ्क व्यवस्थापनः**लैङ्गिक हिंसाका घटनाको तंथ्याङ्ग व्यवस्थापन गर्दा देहायका सूचनाहरू समाविष्ट गर्नु पर्नेछः-

(क) घटना संख्या (घटनाको प्रकार अनुसार )

(ख) घटना घटेको समय (बिहान, मध्यान्ह, दिउँसो, राती, साँझ)

(ग) घटना घटेको स्थान र स्पष्ट ठेगाना उल्लेख गर्दा पीडितको पहिचान हुनसक्ने कुरालाई ध्यान दिनु पर्दछ ।

(घ) पीडितको उमेर, वैवाहिक विवरण र अन्य विवरणहरू

(ङ) पीडितको पीडकसँगको सम्बन्ध (घटना हुनु अगाडि र पछिको सम्बन्धको बारेमा) लेख्नु पर्दछ ।

(च) पीडकको संख्या कति थियो ?

(छ) पीडकको उमेर साथै अन्य व्यक्तिगत विवरण

(ज) हालसम्म पीडितलाई के कस्तो  र कहाँ कहाँबाट कस्ता सेवाहरू दिइएको छ, अथवा उनलाई सेवा दिने कार्यालयले कँहि रीफर गरेको भए सो को विवरण र अब गर्नु पर्ने काम वा सहयोगको बारेमा उल्लेख गर्नु पर्दछ ।

(झ) हालसम्म पीडितले के कस्तो उपलब्धीहरू हासिल गरेको छ सोको बारेमा उल्लेख गर्नु पर्दछ ।

## परिच्छेद-८

## लैङ्गिकहिंसाविरुद्धरहेका समन्वयकारी संस्थाहरू र तिनको भूमिका र जिम्मेवारी

३९. **लैङ्गिकहिंसाविरुद्धका राष्ट्रिय स्तरका प्रमुख समन्वयकारी निकायहरू:** (१) देहायका निकायलाई लैङ्गिकहिंसाविरुद्धका राष्ट्रिय स्तरका प्रमुख समन्वयकारी निकाय मानिनेछः-

**प्रमुख समन्वयकारी संस्थाः**

(क) प्रधानमन्त्रीको कार्यालयलैङ्गिक हिंसाविरुद्धको उजुरी व्यवस्थापन तथा अनुगमन इकाई (सर्म्पक विन्दु)

(ख) महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय,

**मानव अधिकारसम्बन्धी :**

(ग) राष्ट्रिय महिला आयोग

(घ) राष्ट्रिय मानव अधिकार आयोग

**प्रमूख समन्वयकारी संस्थालाई सहयोग गर्ने :**

(ङ) मन्त्रालय स्तरमा रहेका प्राविधिक समिति

(च) लैङ्गिकहिंसाविरुद्धको सल्लाहकार समिति

(२) प्रमुख समन्वयकारी संस्थाबाट देहायको कार्य सम्पादन हुनेछः-

(क) नीतिगत मार्गदर्शन दिने,

(ख) कार्यक्रमको प्रगति समीक्षा गर्ने

(ग) अनुगमन बैठक र समीक्षा गर्ने

(घ) सूचना सङ्कलन तथा प्रवाह गर्ने,

(ङ) अन्तर मन्त्रालय समितिका सदस्यहरूसँग बैठक गर्ने,

(च) लैङ्गिकहिंसाविरुद्धका कार्यक्रमका गतिविधिहरूको संचार माध्यमबाट सार्वजनिकीरण गर्ने,

(छ) सरोकारवालाहरूको क्षमता विकास र काम गर्दा आउन सक्ने सम्भावित चुनौतिहरूलाई समेत ध्यान दिनु पर्दछ । साथै उनीहरूको जिम्मेवारी र जवाफदेहिताकोबारेमा पहिले नै स्पष्ट गराउने,

(ज) मानव अधिकार आयोगले हिंसाका घटनाहरूको स्थलगत अध्ययन र सरकारी निकायबाट मानवअधिकार संरक्षण गर्न नसकेको स्थितिमा अनुगमन र मानवअधिकार संरक्षणकालागि प्रचलित कानुनअनुसार निर्देशन गर्ने ।

तर प्रमुख समन्वयकारी निकायहरूको निर्णयानुसार जिम्मेवारी तोकिएको एउटा संस्था लैङ्गिकहिंसाविरुद्धका घटनाहरू अन्त्यकालागि प्रमुख जिम्मेवार र जवाफदेही निकाय हुनेछ ।

(झ) लैङ्गिक हिंसा सम्बोधन गर्ने कानुनहरूमा परिर्वन र परिमार्जनमा गर्नकोलागि आवश्यक सूचना सङ्कलन तथा सूचना प्रवाह गर्ने,

४०. **राष्ट्रिय स्तरमा सहायक समन्वयकारी निकायहरू :** (१) देहायका निकायलाई लैङ्गिकहिंसाविरुद्धका राष्ट्रिय स्तरका सहायक समन्वयकारी निकाय मानिनेछः-

(क) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(ख) स्थानीय विकास मन्त्रालय

(ग) कानुन तथा न्याय मन्त्रालय

(घ) शान्ति मन्त्रालय

(ङ) शिक्षा मन्त्रालय

(च) गृह मन्त्रालय

(छ) राष्ट्रिय दलित आयोग

(ज) नेपाल बार एसोसीएसन

(झ) महिला अधिकारको क्षेत्रमा क्रियाशील महिला सन्जालहरू

(ञ) लैङ्गिक विभेदमा आधारितहिंसाविरुद्ध काम गर्ने विभिन्न गै.स.स.हरू

(२)सहायक समन्वयकारी निकायहरूबीचको समन्वयको कार्य प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको लैङ्गिकहिंसाविरुद्ध उजुरी व्यवस्थापन तथा अनुगमन इकाईले गर्नेछ ।

(३) राष्ट्रिय स्तरमा रहेका सहायक समन्वयकारी संस्थाहरूले देहायका काम गर्नु पर्नेछः-

(क) सूचना प्रवाह तथा सङ्कलन गर्ने,

(ख) अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ग) राष्ट्रियतहमा गरिने सबै प्रकारका कृयाकलापहरूको प्रभावकारी कार्यन्वयन गर्न राष्ट्रिय तहमा संयोजन र समन्वय गर्ने,

(घ) राष्ट्रिय तहमा लैङ्गिकहिंसाविरुद्ध कार्यरत सरोकारवाला निकाय वा समूहले स्थानीय तहमा भएका कृयाकलापहरूको आवश्यक निर्णय र प्रतिवेदनहरू सङ्कलन गरी सम्प्रेषण गरी प्रमुख समन्वयकारी संस्थाहरूलाई जानकारी गराउने,

(ङ) राष्ट्रियतहको समन्वयकारी संस्थाले राष्ट्रिय दृष्टिकोणबाट कृयाकलापहरूको कार्यान्वयन र संयोजनको भूमिका निर्वाह गर्नु पर्दछ । जस्तै : जिल्ला र स्थानीय तहमा रहेका समन्वयकारी संस्थाहरूलाई आवश्यक सहयोग पुऱ्याउने, त्यसैगरी स्थानीय र क्षेत्रीयतहमा रहेको समन्वयकारी संस्थाहरूको समस्या समाधानको निम्ति आवश्यक निर्देशन तथा सहजीकरण गर्ने,

(च) सबै सरोकारवाला सङ्घ/संस्थाहरूले कर्मचारी, साझेदार र सम्बन्धित अन्य सरोकारवालाहरूको लागि लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध तालिम निर्देशिकाहरू बनाउन आवश्यक हुन्छ । त्यस्ता निर्देशिकाहरू विभिन्न सरोकारवालाहरूको लागि तयार गर्ने जस्तै : स्वास्थ्यकर्मीहरूका लागि, पारालिगल कमिटीहरूका लागि, प्रहरीका विभिन्न समूहहरूको लागि ।

(छ) लैङ्गिक हिंसा सम्बोधन गर्ने कानून एवम् संस्थागत सुधार र हिंसा प्रभावितहरूको न्यायमा पहुँच सुनिश्चित हुने वातावरण तयार गर्ने,

(ज) सरोकारवालाहरूको क्षमता विकास र काम गर्दा आउन सक्ने सम्भावित चुनौतिहरूलाई समेत ध्यान दिनु पर्दछ । साथै उनीहरूको जिम्मेवारी र जवाफदेहिताकोबारेमा पहिले नै स्पष्ट गराउनु पर्दछ ।

(झ)  आचारसंहिताको विकास र कार्यान्वयनको सुनिश्चितता गर्ने

(ञ)  महिला हिंसाविरुद्ध शुन्य सहनशीलताको संस्कृतिको विकास गर्ने ।

४१. **<u>जिल्ला स्तरमा रहेका समन्वयकारी संस्थाहरू</u> : (१)** देहायका कार्यालय वा संस्थाले जिल्लास्तरमा लैङ्गिकहिंसाविरुद्धका समन्वयकारी निकायको रूपमा काम गर्नेछन्:-

(क) जिल्ला प्रशासन कार्यालय

(ख) महिला तथा बालबालिका कार्यालय

(ग) जिल्ला प्रहरी कार्यालय(महिला बालबालिका सेवा केन्द्र)

(घ) जिल्ला शिक्षा कार्यालय

(ङ) जिल्ला स्वास्थ्य कार्यालय

(च) जिल्ला श्रोत समूह

(छ) जिल्ला पारालिगल कमिटी

(ज) विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरू

(झ) महिला अधिकारका तथा मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न समूह तथा संजालहरू

(२) जिल्लास्तरका समन्वयकारी निकायहरूले एउटा छुट्टै कमिटी गठन गरी उक्त कमिटीले निर्धारण गरी जिम्मेवारी दिइएको संस्था ।

(३) जिल्ला स्तरमा रहेका समन्वयकारी निकायहरूले गर्नुपर्ने कार्यहरू :-

(क)  लैङ्गिकहिंसाविरुद्धका कुनै पनि निर्देशिकाहरू तयार गर्दा स्थानीय तहमा रहेका समूहहरू तथा सरोकारवालाको सुझावलाई समावेश गर्न सिफारिस गर्ने,

(ख)  सबै तहमा आचारसंहिताको विकास र कार्यान्वयनको सुनिश्चितता गर्ने ।

(ग)  जिल्ला तहमा आचारसंहिताको विकास र कार्यान्वयनको सुनिश्चितता गर्ने ।

(घ)  हिंसाविरुद्ध शून्य सहनशीलता एव लैङ्गिक समानतासम्बन्धी चेतनामूलक अभियान सञ्चालन गर्ने ।

(ङ) योजना कार्यान्वयनमा संलग्न सरोकारवालाहरूबीच समन्वय, सञ्चार र अनुगमन कार्यको सुनिश्चित गर्ने,

(च) लैङ्गिक विभेदमा आधारित हिंसाका कारण, प्रकार, गम्भिरता र हिंसाका घटना हुने वा सहयोग पुऱ्याउने तत्वहरू, समुदाय र कर्मचारीको प्रवृत्ति, ज्ञान र व्यवहारबारे व्यवस्थित बुझाई स्थापना गर्नु पर्दछ ।

(छ) समन्वयकारी निकायहरूले लैङ्गिकहिंसाविरुद्ध कार्ययोजना निमार्ण र सेवा प्रवाहको प्रक्रियामा महिला तथा किशोरीहरूको समान सहभागीताको लागि पहल गर्नु पर्दछ ।

४२. **<u>समुदाय स्तरमा रहेका समन्वयकारी संस्थाहरू</u> :** (१) देहायका कार्यालय वा संस्थाले समुदायस्तरमा लैङ्गिकहिंसाविरुद्धका समन्वयकारी निकायको रूपमा काम गर्नेछन्:-

(क) महिला सहकारी संस्थाहरू

(ख) स्वास्थ्य स्वयम सेविका, ग्रामीण स्वास्थ्य कार्यकर्ता, मातृ शिशु कार्यकर्ताहरू

(ग) मानव अधिकार र महिला मानव अधिकारको क्षेत्रमा सम्बन्धित गा.वि.स.मा काम गर्ने सामुदायिक सङ्घ/संस्थाहरू

(घ) स्थानीय स्वास्थ्य चौकीहरू

(ङ) गा.वि.स.

(च) इलाका प्रहरी कार्यालय

(छ) युवा समूहहरू

(ज) स्थानिय विद्यालयहरू ।

**<u>(२) समुदाय स्तरमा रहेका समन्वयकारी निकायहरूले गर्नु पर्ने कामहरू :</u>**

(क) समन्वयकारी सङ्घ/संस्थाहरूबीच छलफल गरी हरेक गा.वि.स.मा "केन्द्रिकृत सहयोगी केन्द्र" सन्चालन गर्ने व्यवस्था मिलाउने ।

(ख) लैङ्गिक हिंसालाई प्रभावकारी रुपमा सम्बोधन गर्न स्वास्थ्य क्षेत्रलाई सुदृढ गर्ने पहल तथा पैरवी गर्ने,

(ग) लैङ्गिक हिंसाविरुद्ध महिला तथा बालिकाहरूको आर्थिक एवम् सामाजिक सशक्तिकरणका लागि सहजीकरण गर्ने ।

(घ) सार्वजनिक, निजी र नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने ।

(ङ) समुदाय स्तरदेखि राष्ट्रिय स्तरसम्म हिंसाविरुद्ध शुन्य सहनशीलता एवम् लैङ्गिक समानतासम्बन्धी चेतनामूलक अभियान सञ्चालन गर्ने ।

(च) पीडितलाई संरक्षण प्रदान गर्न समुदायमा आधारित घुम्ती सेवा केन्द्रहरू स्थापना एवम् सुदृढ गर्ने ।

(च) लैङ्गिक विभेदमा आधारित हिंसाका कारण, प्रकार, गम्भिरता र यसलाई सहयोग पुऱ्याउने तत्वहरू, समुदाय र कर्मचारीको प्रवृत्ति, ज्ञान र व्यवहारबारे व्यवस्थित बुझाई स्थापना गर्नु पर्दछ ।

(छ) कार्यक्रमहरूको अनुगमन, अभिलेखहरूको संश्लेषण, सर्वेक्षण, सहभागीमूलक अनुसन्धान, घटना अध्ययन वा पीडितसँग भेटघाट, आदि विधिहरूबाट गर्नु पर्दछ ।

(ज) हिंसाविरुद्धको गतिविधिलाई प्रभावकारी बनाउनकोलागि समस्या र चुनौतिहरूको पहिचान गरी आवश्यक रणनितिहरूको तयारी, कार्यान्वयन र समिक्षालाई निरन्तरता दिनु आवश्यक हुन्छ ।

(झ) लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध काम गर्ने मानवअधिकार रक्षकहरूमा हुन सक्ने जोखीमतालाई ध्यान दिँदै यस्ता कार्यमा संलग्न मानवअधिकार रक्षक महिला छन् भने उनीहरू प्रति समाजले हेर्ने दृष्टिकोण र तिनका कारणले उनीहरूमाथि आउन सक्ने जोखिमताहरूलाई ख्यालगरी उनीहरूको सुरक्षा र क्षमता अभिवृद्धिका लागि व्यवस्था गर्नु पर्दछ ।

(ञ) आपत्कालीन अवस्थामा वा प्रकोपको अवस्थामा काम गर्ने व्यक्तिहरूबाट समेत हिंसा हुन सक्दछ । यसमा पनि खासगरी महिलामाथि यौन हिंसा, दुर्व्यवहारहरू हुने गर्दछन् । यस्ता कार्यहरू हुन नदिनका लागि आपत्कालिन अवस्थामा काम गर्ने निकायहरूले आफ्ना कर्मचारीहरूकालागि आचार संहिता तयार गरी त्यसको कार्यान्वयन गराउनु पर्दछ ।

(ट) आपत्कालीन अवस्थामा काम गर्ने निकायहरूले आफ्ना सबै कर्मचारीहरूलाई आचारसंहिताबारे पूर्ण, स्पष्टता/जानकारी गराउने र त्यसको महत्वकोबारेमा समेत स्पष्ट गराउनु पर्दछ । त्यसैगरी

आपत्कालीन अवस्थामा काम गर्ने निकायहरूले आफ्नो कर्मचारीहरूलाई प्रतिवेदन गोपनियता र सूचना तथा अनुसन्धान पद्धतिबारे तालिम प्रदान गर्नु पर्दछ

(ठ) सबै कर्मचारीहरूले आचारसंहिता बुझेको र यसको पालनाकालागि प्रतिवद्ध भएको सुनिश्चित गर्नका लागि अनिवार्य रूपमा त्यसमा हस्ताक्षर गराउनु पर्दछ ।

(ड) यौन दुरव्यवहार तथा शोषणबारे प्राप्त सूचनामाथि तत्काल कारवाही अगाडि बढाउनु पर्दछ । यौन दुराचार तथा शोषण विरुद्ध कर्मचारीहरू संवेदनशील भएको कुराको सुनिश्चितता गर्नु पर्दछ ।

(ढ) सेवा सुविधाको पहुँच र सुरक्षाका विषयमा जानकारी प्रदान गर्नका लागि निरन्तर रूपमा महिला तथा किशोरीहरूसँग भेटघाट गर्ने ।

## परिच्छेद-९

## अनुगमन तथा अन्य विविध व्यवस्था

४३. **अनुगमन र मुल्याङ्कनः** (१) सबै सरोकारवाला निकायहरूले लैङ्गिक हिंसाको विषयमा के कस्ता कार्यक्रमहरू भएका छन् र कसरी काम गरिरहेका छन् भन्ने जान्न अनुगमन र मुल्याङ्कन गर्नु पर्दछ ।

(२) सरोकारवाला निकायहरूले मासिक, त्रैमासिक वा वार्षिक रूपमा लैङ्गिक हिंसाका घटनाहरूको तथ्यांकिय र गुणात्मक विश्लेषण गरी समन्वय समितिमा सो को जानकारी गराउनु पर्दछ ।

(३) बहुपक्षीय सरोकारवालाहरूको प्रभावकारीता र लैङ्गिक हिंसाको मुद्दामा उनिहरूको प्रतिकृया के कस्तो रह्यो भन्नको लागि सबै सरोकारवालाहरूले एउटा सर्वमान्य अनुगमन र मुल्याङ्कन फारम तयार गर्नु पर्दछ ।

(४) अनुगमन र मुल्याङ्कनबाट आएका सवालहरूमा सबै सरोकारवालाहरूलाई सुसूचित गर्नकोलागि नियमित बैठक, प्रतिवेदन, समन्वय, सुझाव आदानप्रदान हुनु पर्दछ ।

४४. **कार्यविधिमा परिमार्जनः** यो कार्यविधि कार्यान्वयन गर्ने सरकोकारवालाको अनुभव तथा निजहरूबाट प्राप्त हुन आएको सुझावको आधारमा आवश्यकतानुसार परिमार्जन गरिनेछ ।

४५. **तालिम लिएको हुनु पर्नेः**लैङ्गिक हिंसा पीडितलाई सेवा वा सहयोग उपलब्ध गराउने, सुरक्षा प्रदान गर्ने, कानूनी सेवा तथा मनोविमर्श सेवा प्रदान गर्ने वा स्वास्थ्य सेवा दिने

संस्थाहरूमा कार्यरत कर्मचारीहरूले लैङ्गिक विभेदमा आधारित हिंसा नियन्त्रण तथा मानवअधिकारसम्बन्धी तालिम लिएको हुनु पर्नेछ।

४६. **जानकारी गराउने**:यो कार्यसञ्चालन कार्यविधिको बारेमा सम्बन्धित सरोकारबालाहरूलाई जानकारी गराउनु पर्नेछ।

# अनुसूची-१

## घटना अभिलेख नमुना फारम

**१. पीडित**

**१.०१** नाम : जन्म मिति : उमेर :

**१.०२** लिङ्ग : १. महिला २. तेस्रो लिङ्गी

**१.०३** राष्ट्रियता :

**१.०४** ठेगाना : १. जिल्ला : २. गाविस/नपा : ३. वार्ड :
४. टोल :

**१.०५** जाति

**१.०६** धर्म

**१.०७** **शैक्षिक अवस्था** :

**१.०८** **पारिवारिक विवरण** :
१. एकल परिवार २. संयूक्त परिवार ३. विस्तारित परिवार

**१.०९** परिवारका सदस्य संख्या : १ महिला........ २. पुरुष...... ३. जम्मा ...........

**१.१०** वैवाहिक स्थिति :
१. अविवाहित २. विवाहित ३. विवाहित तर सँगै नबसेको
४. सँगै बसेको ५. पारपाचुके गरेको ६. एकल ७. अन्य (खुलाउने)

**१.११** विवाह गर्दाको उमेर :

**१.१२** पेशा :

**१.१३** अभिभावकको पेशा : १. बाबु ............२. आमा .............. ३. पति......... ४. ससूरा ................... ५.सासू.......................

१.१४ अपांगता भएमा उल्लेख गर्ने १. कुन प्रकृतिको

**२.घटना**

**२.०१** घटना भऐको मिति : समय :

**२.०२** घटनाको किसिम :

**२.०३** घटना घटेको स्थान : १.जिल्ला : २. गाविस/नपा :
३.वडा : ४. टोल :

**२.०४** घटनास्थलको किसिम :

**२.०५** पीडक संख्या १. महिला .......... २. पुरुष ..........

**२.०६** पीडितले पीडकलाई चिनेको छ ? १. छ २. छैन ३. देखेपछि चिन्ने

**२.०७** पीडकको चरित्र झल्काउने खालको परिचय :

१.......................................................................................

२......................................................................................

३.......................................................................................

**२.०८** पीडितको पीडकसँगको सम्बन्ध :

१. पति २. पारिवारिक सदस्य ३. प्रेमी ४. छिमेकी
५. साथी ६. शिक्षक ७. विद्यार्थी ८. अन्य (खुलाउने) ..............

**२.०९** घटना हुनुको कारण :

## ३. पीडक/मतियार

**३.०१** पीडक/मतियारको किसिम (पेशा) :

१. कृषक २. सरकारी कर्मचारी ३. गैरसरकारी कर्मचारी ४. निजी संस्थाका कर्मचारी ५. राजनीतिककर्मी ६. सेना/प्रहरी ७. व्यवसायी ८. वकिल ९. पत्रकार १०. शिक्षक ११. प्राध्यापक १२. सामान्य व्यक्ति १३. अन्य (खुलाउने)....................................

**३.०२** नाम : जन्म मिति/उमेर :
**३.०३** लिङ्ग : १. महिला २.पुरुष ३. तेस्रो लिङ्गी
**३.०४** राष्ट्रियता :
**३.०५** ठेगाना : १. जिल्ला २. गा.वि.स./नपा ३. वार्ड ४. टोल
**३.०६** जाति :
**३.०७** धर्म :
**३.०८** शैक्षिक अवस्था :
**३.०९** पारिवारिक विवरण :
१. एकल परिवार २. संयूक्त परिवार ३. विस्तारित परिवार
**३.१०** परिवारका सदस्य संख्या : १ महिला........ २. पुरुष...... ३. जम्मा ...........
**३.११** वैवाहिक स्थिति :
१. अविवाहित २. विवाहित ३. विवाहित तर सँगै नबसेको ४. सँगसँगै बसेको
५. पारपाचुके गरेको ६. एकल ७. अन्य (खुलाउने) ..............
**३.१२** विवाह गर्दाको उमेर (विवाह हुँदाको उमेर) :
**३.१३** पेशा :

**३.१४** अभिभावकको पेशा : १. बाबु ............ २. आमा ................. ३. पति........................

*(पीडक संख्या एकजनाभन्दा बढी भएमा सादा कागज थप गरी माथिकै अनुसार भर्नुहोला ।)*

## ४. घटनाको कानुनी पक्ष

**४.०१** घटनाको बारेमा कसैलाई उजुरी/सूचना गरेको छ ? १. छ २. छैन

**४.०२** छ भने कसलाई ?

१. प्रहरी/प्रशासन/अदालत २.साथी/इष्टमित्र ३. गाँउले/छिमेकी ४. परिवार

५. आफू काम गर्ने स्थान ६. पीडकको परिवार ७. पीडकका नातेदार/साथी

८. पीडकका छिमेकी ९. गैरसरकारी संस्था १०. अन्य (खुलाउने) .........................

**४.०३** **घटना स्थलको निरीक्षण गरेको छ ?** १. छ २. छैन (खुलाउने) .........................

**४.०४** **छ भने कसले ?**

**४.०५** घटनासँग सम्बन्धितहरूको स्वास्थ्य परीक्षण गरेको छ । १. छ २. छैन ३. थाहा छैन (खुलाउने)..........................................

**४.०६** घटनासँग सम्बन्धित फोटो खिचेको छ ? १. छ २. छैन ३. थाहा छैन ( खुलाउने).................

**४.०७** अन्य दसी प्रमाण भए सो को विवरण :

१.................................................................................................

२.................................................................................................

३.................................................................................................

**५.०१. पीडितलाई परेको असर**..........................................

**५.०२. पीडितको परिवारलाई परेको असर**..............................................................

## ६. सूचना दिनेको विवरण :

**६.०१** व्यक्तिको नाम :

**६.०२** लिङ्ग : १. महिला २. पुरुष ३. तेस्रो लिङ्गी

**६.०३** सम्पर्क ठेगाना : फोन नं.

**६.०४** पेशा :

**६.०५** १. आवद्ध संस्था : २. पद :

**६.०६** शैक्षिक योग्यताः

**६.०७** सूचना सम्प्रेषण गरेको मिति :

**६.०८** घटनाको उजुरी/सूचना गरेको स्थान :

१. सदरमुकाम २. गाउँ ३. सहर/पायक पर्ने नजिकको हाटबजार

४. सङ्घ/संस्थाका कर्मचारीहरू ५. प्रहरी ६. गा.वि.स. कार्यालय

**७. साक्षी/प्रत्यक्षदर्शी**

| नाम | लिङ्ग | सम्पर्क ठेगाना | घटनाका पक्षहरूसँगको सम्बन्ध |
|---|---|---|---|
| **भनाई** | | | |

**८. घटना संकलक**

**८.०१** नाम : फोन नं. : हस्ताक्षर :

**८.०२** आवद्ध संस्था ठेगाना :

**८.०३** सम्पर्क ठेगाना :

**८.०४** घटना सङ्कलन गरेको मिति :

**८.०५** घटना सङ्कलन गरेको स्थान : १. घटना स्थल २. सदरमुकाम ३. अन्यत्र

**९. घटनाका सम्बन्धमा तत्काल सूचना गर्नुपर्ने अन्य केही भए :**


**१०.०१ घटना पूर्वको विवरण :**

**१०.०२ घटना विवरण :**

**१०.०३ घटनापछिको विवरण :**

## अनुसूची-२(दफा १४संग सम्बन्धित)

अस्पतालमा आधारित एकव्दार संकट व्यवस्थापन केन्द्र Hospital Based One Stop Crisis Management Center| को स्थापना तथा सञ्चालन सम्बन्धमा अवलम्वन गर्नु पर्ने सिद्धान्तहरू




**चरण १** "सहयोगी केन्द्र" स्थापना गर्नुपूर्व आफ्नो जिल्ला, गाविस वा केन्द्रमा (जहाँ सहयोगी केन्द्र स्थापना गर्ने हो त्यहाँ) कुन कुन संस्थाहरू छन् ? कुन संस्थाले के के सेवाहरू दिइरहेका छन् नक्सांकन गर्ने । स्रोत नक्सा (Resource Map) तयार गर्ने ।

**चरण २** लैङ्गिक हिंसा विभेदमा काम गरिरहेका/काम गर्न सक्ने निकायहरूको सूची तयार गरी समन्वय बैठक गर्ने ।

**चरण ३** "सहयोगी केन्द्र" सञ्चालनका लागि सक्षम संस्था/निकायहरू सम्मिलित व्यवस्थापन समितिको निर्माण गर्ने ।

**चरण ४** आफ्नो क्षेत्रमा उपलब्ध स्रोत संस्थाहरूको बारेमा जानकारी सहितको Directory तयार गर्ने ।

**चरण ५** व्यवस्थापन समितिभित्र छलफल गरी एउटा निकाय/संस्थालाई "सहयोगी केन्द्र" सञ्चालन गर्ने जिम्मेवारी दिने र सो "सहयोगी केन्द्र" सञ्चालन गर्न एक जना व्यक्ति तोक्ने, जिम्मेवारी दिने ।

**चरण ६** व्यवस्थापन समिति एवम् स्रोतसंस्थाहरूभित्र "सहयोगी केन्द्र" सँग समन्वय राख्ने जिम्मेवारी प्राप्त व्यक्तिहरूलाई "लैङ्गिक हिंसा नियन्त्रण : मानवअधिकारमुखी

सहयोग"सम्बन्धी तालिम दिने । उक्त तालिममा हिंसा पीडित र प्रभावितको सुरक्षा, गोपनियता र सम्मान कसरी सुनिश्चित गर्न सकिन्छ भन्ने विषयलाई स्पष्ट पार्ने ।

**चरण ७ :** सम्वद्ध व्यक्तिहरूका लागि आचारसंहिता निर्माण गर्ने ।

**चरण ८ :** पीडितले विभिन्न निकायमा गई पटक पटक आफ्नो घटना दोहोऱ्याउन नपरोस् भन्ने बारेमा पहिले नै सचेत भई आवश्यक सूचनाहरू आउन सक्ने तवरको "घटना अभिलेखीकरण फारम" तयार गरी व्यवस्थापन समितिबाट अनुमोदन गर्ने । ( उदाहरणको लागि Annex मा राखिएका फारामहरू हेर्न सकिन्छ ।)

**चरण ९ :** कुनै पनि पीडित "सहयोगी केन्द्र" मा नआइ लैङ्गिकहिंसाविरुद्ध काम गर्ने कुनै पनि संस्थामा आफै गएको छ भने उसलाई उक्त संस्थाद्वारा आवश्यक सहयोगका लागि पहल गर्ने । जानकारी "सहयोगी केन्द्र" लाई दिने भन्नेमा सहमती गर्ने ।

**चरण १० :** पीडितको गोपनीयताको ख्याल गर्दै व्यवस्थापन समितिका सबै व्यक्तिहरूलाई पीडितको पूर्ण विवरण उपलब्ध गराउन (आवश्यक व्यक्तिलाई बाहेक) हुँदैन भन्नेमा स्पष्ट भइ लिखित रूपमा सहमत हुने ।

**चरण ११ :** व्यवस्थापन समितिको नियमित बैठक बस्ने र सहयोगी केन्द्र सञ्चालन गर्ने संस्था/व्यक्तिलाई सहयोग गर्ने ।

**चरण १२:** **सहयोगी केन्द्र हरूले देहायका सिद्धान्तहरूलाई आत्मसात गरी सेवा प्रदान गर्नु पर्दछ :**

- स्वास्थ्य संस्थाहरूले पीडितहरूलाई स्वास्थ्य उपचार साथै लैङ्गिक संवेदनशिल भई आवश्यक सेवा पुऱ्याउनु पर्दछ । हरेक स्वास्थ्य संस्थाहरूमा मनोविमर्श सेवाको व्यवस्था हुनु पर्दछ । स्वास्थ्य सेवा केन्द्रहरू सुरक्षित र विश्वासनिय र बढि प्रभावकारी हुनु पर्दछ ।
- समुदाय स्तरमा महिला स्वास्थ्य परामर्श केन्द्रहरूहिंसाविरुद्धको सर्म्पक केन्द्रको रूपमा (मनोविमर्श सहित) प्रभावकारी देखिन्छ । यिनै अनुभवहरूका आधारमा लैङ्गिक विभेदमा आधारित हिंसा पीडितले सेवा पाउनकोलागि स्वास्थ्य सेवा केन्द्र र मनोविमर्श सेवालाई सुदृढ गराउनु पर्दछ । यस्ता प्रवेश विन्दुहरू सुरक्षित, महिलाहरूको सहज पहुँच पुग्ने, २४सैं घण्टा सेवा दिन सक्ने, अनौपचारिक, सुरक्षित र गोप्य हुनुको साथै विश्वासिलो हुनु पर्दछ ।
- पीडितलाई सरकारी, गैर सरकारी संस्थाहरू,मानव अधिकार र महिला अधिकार रक्षकहरूको संजालमा सम्पर्क गराउनुको साथै उनिहरूको सुरक्षा र गोपनियताकोलागि विशेष व्यवस्था मिलाउनु पर्दछ ।
- स्थानिय महिला समूहहरू र विद्यालयका शिक्षकहरूसँग आवश्यक सर्म्पक राख्नु पर्दछ ।
- पीडितले चाहेमा मात्र उनको सूचनाहरू अरुलाई दिन मिल्छ यदि पीडितले नचाहेको खण्डमा त्यस्ता सूचनाहरू गोप्य राख्नु पर्दछ भन्ने बारेमा सधै सचेत रहनु पर्दछ ।

## **अनुसूची-३**(दफा १६ (४)संग सम्बन्धित)

## (क) सेवा केन्द्र वा अस्पतालमा आधारित एकदार संकट व्यवस्थापन केन्द्रको व्यवस्था नभएको स्थानमा सहयोग सञ्चालन, रिफर तथा सहयोगको लागि प्रेषण मार्ग र चरणहरू

(१) पीडितले आफूमाथि भएको हिंसाको घटनालाई कुनै एक प्रवेश विन्दुमा गई जानकारी गराउन सक्दछ ।

(२) पीडितले जानकारी गराउने केही सम्भावित विन्दुहरू र पीडितहरूको सम्बन्धकोबारेमा देहायको शव्द चित्रमा उल्लेख गरिएको छ :-

| कसैलाई हिंसाको बारेमा भन्नु/सहयोग खोज्नु (Reporting) पीडित/प्रभावितले आफूमाथि घटेको घटना कसैलाई भन्दछ । | |
|---|---|
| पीडित/प्रभावितले आफूमाथि घटेको घटनाका बारेमा कसैलाई भन्दछन् पीडित/प्रभावितको आवश्यकताअनुसार स्वास्थ्य संस्था, मनोविमर्श केन्द्रमा प्रहरीमा लिएर जाने । | पीडित प्रभावित आफै आफूलाई आवश्यक पर्ने सेवा प्रदायकको खोजी गरी जान्छन् । |

| सेवा दिने व्यक्तिले पीडित/प्रभावितको इच्छामा आधारित भई गोपतीयताको ख्याल गर्ने : तुरून्तै आवश्यक पर्ने आवश्यकताहरूको पहिचान, उपलब्ध सेवाहरूका बारे इमान्दारिताका साथ जानकारी दिने, पीडित/प्रभावितको सहमती एवम् अनुरोध भएका सहमती लिई आवश्यक सेवाका लागि प्रेषण गर्ने : यसरी प्रेषण गर्दा आवश्यकता अनुरूप निम्न संस्था व्यक्तिको सहयोग लिने | |
|---|---|
| स्वास्थ्य (सेवा)कर्मी/संस्था(स्वास्थ्य संस्थाको नाम लेख्ने) | मनोविमर्श सहयोग/सेवा केन्द्र (यहाँ मनोविमर्श कर्ताको नाम/ सेवा केन्द्रको नाम उल्लेख गर्ने ) |

| पीडित/प्रभावितहरूले प्रहरी वा न्याय सेवाको चाहना गरेमा वा पीडित/प्रभावित वा उनीसँग सम्बन्धित व्यक्तिको सुरक्षा तुरुन्तै आवश्यक भएमा : पीडित/प्रभावितलाई आवश्यकताअनुसार प्रहरी केन्द्र वा कानुनी निकायमा पुऱ्याउने । | |
|---|---|
| प्रहरी/सुरक्षा अधिकारी<br>(यहाँ पीडित/प्रभावितलाई आवश्यक पर्दा ( बसाईको क्षेत्र अनुसार) कहँ जाने एवम् कसरी सम्पर्क गर्ने भन्ने स्पष्ट उल्लेख गर्ने | कानुनी परामर्शदाता वा संरक्षण अधिकारी<br>(जिल्लामा कानुनी सहयोगका लागि उपलब्ध (जिल्ला स्रोत समूहले निर्धारण गरे अनुरूप) कानुनी निर्धारण गरे अनुरूप) कानुनी सल्लाहकारको नाम उल्लेख गर्ने । घरेलु हिंसाविरुद्धको नियमले उल्लेख गरे तथा सम्बन्धित जिल्लाले छुट्टाए अनुरूपको संरक्षण अधिकार कहाँ जाने (नाम उल्लेख गर्ने ) |

| तुरुन्तै आवश्यक पर्ने सेवा उपलब्ध भइसकेपछि ध्यान पुऱ्याउनु पर्ने क्षेत्रहरू : पीडित/प्रभावितको चाहना र आवश्यकता अनुरूपको सेवाको व्यवस्थापन | | | |
|---|---|---|---|
| स्वास्थ्यसेवा | मनोविमर्श सेवा। शिक्षाको व्यवस्था | बचावट, सुरक्षा र न्यायसम्बन्धी व्यवस्था | आधारभूत आवश्यकताहरू जस्तै बास, खाना, बाल बच्चाहरूका लागि सेवा, सुरक्षित वास लगायत अन्य आवश्यक सेवा |

## **अनुसूची-४**(दफा १८ (१) संग सम्बन्धित)

## <u>घटना सार्वजनिकिरणकोलागि पीडितको सहमति पत्रको नमुना</u>

१. सहमति लिने निकायको नामः

२. सहमति दिने पीडितको नामः

३. सहमति लिए दिएको स्थान र मितिः

४. घटना सार्वजनिक गर्नु पर्ने कारणः

५. पीडितको सहमतिको व्यहोरा :

..............................................................................................................

...............................................................................................................

............................................................................................................

***सहमति दिने पीडितको सहीछाप*** ***सहमति लिने व्यक्तिको सहिछाप र पद***

**अनुसूची-५**(दफा २१ (२) संग सम्बन्धित)

## पीडितको स्वास्थ्य परीक्षण गर्दा तयार गर्नुपर्ने फारमको ढाँचा

| बिरामीको व्यक्तिगत विवरण | जाँच गर्ने डाक्टर वा नर्सको विवरण | बिरामीको हस्ताक्षर | जाँच गर्नेको हस्ताक्षर | विभाग। अस्पताल |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसूची-६**(दफा ३८ संग सम्बन्धित)

# अनुगमन र मुल्याङकनको लागि नमुना फारम

| क्षेत्रहरू | अनुगमन र मुल्याङकनका सूचकहरू | |
|---|---|---|
| | **जिम्मेवारी** | **प्रतिकृया** |
| **स्वास्थ्य क्षेत्र /मनोविर्मश** | कति घटनाहरूलाई कहाँ कहाँ रिफर गरियो ? कतिलाई मनोविमर्श सेवा प्रदान गरियो ? | के कस्ता गतिविधिहरूसञ्चालन गरिए , कहाँ कहाँ गरिए ? |
| **सुरक्षा** | कति घटनाहरू दर्ता भए? घटना रोकथामकोलागि के कस्ता सुरक्षाका गतिविधिहरू गरिए ? | के कति र कस्ता सुरक्षासम्बन्धी गतिविधिहरूसञ्चालन गरिए सो को बारेमा उल्लेख गर्ने |
| **न्याय** | कति घटनाहरू अदालतमा पठाइए ? कति घटनाहरू प्रहरीले पठाएका छन ? | अदालतबाट कति घटनाहरूमा के कस्तो सुनवाई भएको छ ? |
| **शिक्षा** | कति घटनाहरू शैक्षिक निकायद्वारा रिफर गरिएका छन ? | के कस्ता चेतनामुलक गतिविधिहरू विद्यालयद्वारासञ्चालन गरिए ? |

# अनुसूची-७

## लैङ्गिक तथा यौन हिंसाहरूको वर्गिकरण :

### १ यौंन पिडा र दुर्व्यवहार

| यौंन पिडा र दुर्व्यवहारको प्रकारहरू | उदारहण र व्याख्या | हिंसा गर्न सक्ने व्यक्तिहरू |
|---|---|---|
| ▪ बलात्कार र वैवाहिक बलात्कार | कुनै पनि महिलालाई कुनै पुरुषले उसको मंजूरी बिना वा सो व्यक्ति निर्णय दिन नसक्ने अवस्था वा उमेरको भए, अपाङ्गता भएकै कारण उसको कुनै पनि अङ्गमा छुने, चलाउने वा यौन सर्म्पक राख्ने वा जबरजस्ति डर त्रास देखाईछुनु, यौनसम्बन्ध राख्नु, कार्यालय भित्र नै सहकर्मीहरूबाट बलात्कृत हुनु, आफ्नै श्रीमान्‌बाटजबरजस्ती यौन सम्बन्ध राख्नु जस्ता कार्यलाई बलात्कार र वैवाहिक बलात्कार भनिन्छ । | महिला वा किशोरीहरूलाई नियन्त्रण गर्ने श्रीमान्, पार्टनर, साथी, सेवा सुरक्षा दिने व्यक्ति, महिलालाई नियन्त्रणमा राख्नखोज्ने व्यक्तिहरू । |
| ▪ जबरजस्ती गुदद्धारमा मैंथुन गर्नु | जबरजस्ती पूरुषले पुरुषलाई अथवा पुरुषले महिलाको गुदद्धारमा मैंथुन गर्नु साथै साना बालबालिकाहरूमा यस्ता कार्य गरिनु । | आफूहरूसँगपहुँच, शक्ति र नियन्त्रण गर्ने क्षमता भएको कुनै पनि व्यक्ति । |
| ▪ यौन दुराचार | जबरजस्ती डर त्रास देखाई विभिन्न प्रकारका यौन व्यवहारहरू जस्तैः संवेदनशिल अङ्गमा छुनु, यौंन सम्बन्ध राख्न खोज्नु । | आफूसँग पहुँच, शक्ति र नियन्त्रण गर्ने क्षमता भएको कुनै पनि व्यक्ति, समुदायका सदस्यहरू, साथ ी, कार्यालयका प्रमुख तथा अन्य अपरिचित व्यक्तिहरू। |
| ▪ यौन शोषण | कुनै प्रकारको जोखिमको फाईदा उठाई, शक्तिको दुरूपयोग गरी अथवा विश्वासको फाईदा उठाई आफूलाई आर्थिक राजनैतिक लाभ लिने उद्देश्यले गरिने यौन कृयाकलापहरू, बालिकाहरूको ओसार पसार, यौन शोषण, यौनजन्य कृयाकलापहरू, जबजस्ती विवाह गर्न लगाउनु, गर्भवति बनाउनु,वेश्यावृति गर्न लगाउनु, अश्लिल चलचित्र बनाउनु, दास बनाउनु आदि । | आफूसँगपहुँच, शक्ति र नियन्त्रण गर्ने क्षमता भएको कुनै पनि व्यक्ति, समुदायका सदस्यहरू, साथ ी, कार्यालयका प्रमुख तथा अन्य अपरिचित व्यक्तिहरू । |
| ▪ बाल यौन शोषण | यौन सन्तुष्टिका लागि जुनसुकै प्रकारले बालबालिकालाई प्रयोग गर्नु । बालबालिकासँग गरिने यौनिक अन्तरकिया वा यौन सम्बन्ध । | प्राय : बालबालिकाहरूले विश्वास गरेको व्यक्ति, अभिभावक, परिवारका सदस्य, शिक्षक, साथी वा अपरिचत व्यक्ति वा शक्ति भएको कुनै व्यक्ति जसले |

| | | |
|---|---|---|
| | | बच्चालाई आफ्नो नियन्त्रणमा लिन सक्छ । |
| ■ जर्बरजस्ती देहव्यापारमा लगाउनु (जसलाई यौन शोषणको रूपमा पनि लिन सकिन्छ) | विशेष गरी अति जोखिममा रहेका महिलाहरू र उनीहरूका बालबालिका जसले आफ्नो आधारभूत मानवीय आवश्यकता समेत पनि पुरा गर्न सकेका हुँदैनन् त्यस्ता व्यक्तिहरूलाई कुनै सामाग्री वा वस्तुको साटोमा जवरजस्ती यौन व्यापारमा लगाउनु । | आफूहरूसँग पहुँच, शक्ति र नियन्त्रण गर्ने क्षमता भएको कुनै पनि व्यक्ति, समुदायको सदस्यहरू, साथ ी, कार्यालयको प्रमुख तथा अन्य अपरिचित व्यक्तिहरू । |
| ■ यौनिक रूपमा हतोत्साहित गर्ने | बारम्बार यौनसम्बन्धी विषयलाई लिएर महिला वा केटीहरूलाई मौखिक तथा शारीरिक रूपले हानी पुऱ्याउने वा त्यस्तो किसिमको वातावरण बनाउने वा रोजगारी दिने नाममा यौन आवश्यकता पूरा गर्नका लागि प्रयोग गर्ने | रोजगारदाता कार्यालयका प्रमुख तथा अन्य अपरिचित व्यक्तिहरू , साथीहरू, तथा शक्ति भएका व्यक्तिहरू। |

## २. शारीरिक हिंसा

| **पीडा र दुर्व्यवहारका प्रकारहरू** | **उदाहरण र व्याख्या** | **हिंसा गर्न सक्ने व्यक्तिहरू** |
|---|---|---|
| ■ शारीरिक शोषण | हतियार वा हतियारको प्रयोग विना कुटपिट गर्नु,वा मार्न प्रयास गर्नु | श्रीमान्, नजिकको साथी ,परिवारको सदस्य र शक्ति भएका व्यक्ति |
| ■ वेचविखन तथा दास बनाउनु | जवरजस्ती श्रम तथा देहव्यापारको लागि मानवको वेचविखन गर्नु र कानुन विपरित शरीरको अङ्गहरू झिक्नु | शक्ति र ओहदामा भएका, पैसा र राम्रो जागिरको लागि प्रलोभनमा पार्न सक्ने व्यक्ति |

## ३. भावनात्मक, मनोसामाजिक र आर्थिक सामाजिक शोषण

| **पीडा र दुर्व्यवहारका प्रकारहरू** | **उदारहण र व्याख्या** | **हिंसा गर्न सक्ने व्यक्तिहरू** |
|---|---|---|
| ■ अपमानित गर्नु / शोषण गर्नु | सार्वजनिक वा अन्य कुनै पनि ठाँउहरूमा वेइज्जत तथा लज्जित गर्ने किसिमको शब्दको प्रयोग गर्नु | परिवारको उपल्लो तहका सदस्य तथा शक्ति र ओहदामा भएका व्यक्तिहरू |
| ■ अवसर तथा सेवाहरूमा विभेद | शिक्षा, स्वास्थ्य, रोजगार, सम्पत्ति लगायतका कुराहरूमा बञ्चित गर्नु, भेदभाव गर्नु, कम ज्याला दिनु, क्षमता वृद्धिका लागि आउने अवसरहरुमा असमान व्यवहार गर्नु । | परिवारको सदस्य तथा शक्ति र ओहदामा भएका व्यक्तिहरू, संस्था, समाज, सरकारी निकायका कर्मचारी तथा संरचनाहरू |
| ■ नजरबन्द गर्नु | परिवार तथा साथीभाईबाट एक्ल्याउनु, हिडडुल र स्वतन्त्रताको हरण गर्नु | शक्ति तथा ओहदामा भएका व्यक्ति, परिवारका उपल्लो तहका सदस्य, श्रीमान् |

## ४.हानीकारक परम्परागत अभ्यासहरू

| पीडा र दुर्व्यवहारका प्रकारहरू | उदारहण र व्याख्या | हिंसा गर्न सक्ने व्यक्तिहरू |
|---|---|---|
| ▪ वालविवाह | कानुनले तोकेको उमेर पुरा नभईकन विवाह गरिदिने, ( यस अवस्थामा बालिकाहरूले यौन सम्बन्ध बारे निर्णय गर्न नसक्ने भएकाले य सलाई एक प्रकारले बलात्कारको रूपमा नै लिन सकिन्छ | अभिभावक र परिवारका सदस्य |
| ▪ जवरजस्ती विवाह | पीडितको इच्छा विपरित विवाह गरिदिने वा विवाह गर्न नमानेमा परिवारलाई दहेज दिनुपर्ने वा अप्ठयारो परिस्थिति सिर्जना हुने | अभिभावक र परिवारका सदस्य |
| ▪ महिला तथा बालिकालाई शिक्षाबाट वञ्चित गर्नु | महिला तथा बालिकालाई स्कूलबाट निकाल्नु, स्कूल जान नदिनु वा प्राविधिक, व्यवहारिक तथा वैज्ञानिक ज्ञानहरूबाट वञ्चित गर्नु | रुढिवादी परम्परा, धार्मिक समूह, समुदाय र राज्य |
| ▪ महिनावारी भएको समयमा महिला र केटीहरूमा गरिने हिंसा | महिला र केटीहरूलाई महिनावारी भएको समयमा गरिने विभेदकारी व्यवहारहरू । सुदुर पश्चिममा छाउ ( महिनावारी) भएको समयमा महिला र केटीहरूलाई गरिने हिंसा | रुढिवादी परम्परा, धार्मिक समूह, समुदाय, अभिभावक र परिवारका सदस्य |
| ▪ मार्ने वा अङ्गभंग गर्ने | महिला वा केटी भएकै कारण कुनै गतिविधि गरेको भनी मार्ने वा अङ्गभंग बनाउने । कुनै प्रकारको निर्णय जसले गर्दा परिवार र समुदायको प्रतिष्ठा तल झरेको भन्ने विश्वास गरिएको हुन्छ ( उदाहरणकोलागि आफ्नो इच्छाले विवाह गर्नु, महिलालाई एसिड खन्याउनु | परिवारका सदस्य, श्रीमान्, समुदायका सदस्यहरू |
| ▪ वहु पति प्रथा | नेपालको हिमाली भागका केही जिल्लाहरुमा दाजुभाई सबैका लागि एकै श्रीमती विवाह गर्ने प्रथा विद्यमान छ । सोही प्रथालाई वहुपति प्रथा भनिन्छ । सामान्य तया जेठो दाजुले विवाह गरेकी भाउजुलाई नै भाइहरुले पनि श्रीमतीका रुपमा मान्नु पर्ने प्रचलन यस प्रथामा हुन्छ । | |
| ▪ घुम्टो प्रथा | तराईमा नव विवाहित/विवाहित महिलाले आफ्ना घर तिरका मान्यजनहरुका अगाडि टाउको ढाकेर बस्नु पर्ने चलन, उनीहरुका अगाडि | घर परिवारका सदस्य, आफन्तजन तथा छिमेकी |

| | | |
|---|---|---|
| | शीर उठाएर हेर्न हुदैन भन्ने प्रथा | |

**५.आर्थिक, सामाजिक हिंसा**

| **पिडा र दुर्व्यवहारका प्रकारहरू** | **उदारहण र व्याख्या** | **हिंसा गर्न सक्ने व्यक्तिहरू** |
|---|---|---|
| ▪ सामाजिक वञ्चितिकरण/ लैङ्गितामा आधारित | सामाजिक सेवा तथा सुविधाको लाभबाट वञ्चित गर्नु वा नागरिक, रानीतिक, सांस्कृतिक, आर्थिक सामाजिक अधिकारको अभ्यास तथा उपभोग गर्नबाट वञ्चित गर्नु । फरक लैङ्गिक आवश्यकता भएकाहरूलाई जरिवाना गर्नु र विभेदकारी अभ्यासहरू गर्न लगाउनु । | परिवारका सदस्य, समुदाय, संस्था र राज्यका निकायहरू |